# स्पन्दन

## शब्द सगरमाथा



नेपाली भाषा, साहित्य र वाङ्मयको प्रचार-प्रसार तथा प्रबर्द्धन गर्न योगदान गर्ने हेतुले सेप्टेम्बर ७, २०१६ मा नेपाली साहित्य समाज, न्युजिल्यान्डको स्थापना भएको हो ।

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

न्युजिल्यान्डमा बसोबास गर्दै आएका नेपालीहरूको हकहितका अलावा नेपाली भाषा, साहित्य, संस्कृतिको प्रवर्द्धनका लागि योगदान दिने हेतुले ६ अक्टोबर २००५ मा गैर आवासीय नेपाली संघ, न्युजिल्यान्डको स्थापना भएको हो ।

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

## 'स्पन्दन' सम्पादन मण्डल



डा. वीरेन्द्र केसी,
अध्यक्ष, नेसास, प्रधान सम्पादक



उद्धव अधिकारी,
अध्यक्ष, एनआरएनए, एनजेड



नमिता दवाडी
उपाध्यक्ष, नेसास



युवराज भण्डारी
उपाध्यक्ष, नेसास



अश्विनी कोइराला
भाषा सम्पादक, साहित्यपोस्ट

# स्पन्दन

## शब्द-सगरमाथा

## नेपाली साहित्य सङ्ग्रह


साहित्यपोस्ट
सँगको प्राविधिक सहकार्य,

**नेपाली साहित्य समाज न्युजिल्यान्ड**
र
**गैर आवासीय नेपाली संघ न्युजिल्यान्ड**को
संयुक्त प्रस्तुति

# समर्पण

नेपाली साहित्य समाज न्युजिल्यान्ड र गैर आवासीय नेपाली संघ न्युजिल्यान्डको स्थापना गर्न पहल गर्नुहुने सम्पूर्ण संस्थापक सदस्यज्यूहरू तथा विभिन्न समयमा सञ्चालन हुँदै आइरहेका सृजनात्मक गतिविधिहरूलाई फल्न फुलाउन सहयोग एवं योगदान गर्नुहुने नेपाली भाषा र साहित्यप्रेमी महानुभावहरूप्रति समर्पित ।

# शुभकामना



न्युजिल्यान्डमा बसोबास गर्दै आएका नेपालीहरूलाई एकत्रित गर्दै उनीहरूको हक र हितका लागि आवाज उठाउने हेतुले ६ अक्टोबर २००५ मा गैर आवासीय नेपाली संघ न्युजिल्यान्डको स्थापना भएको हो । यसले अन्य विभिन्न गतिविधिका अलावा नेपाली भाषा, साहित्य तथा संस्कृति सम्वर्द्धन र प्रवर्द्धन गर्ने कार्यका लागि सधैँ सहयोग र समर्थन गर्दछ ।

संघले नेपाली साहित्य समाजको स्थापनामा महत्त्वपूर्ण भूमिका खेलेको थियो भने साहित्य समाजको स्थापनादेखि नै नेपाली भाषा र साहित्यको प्रवर्द्धनमा निरन्तर सहकार्य गर्दै आएको छ । यसै सिलसिलामा साहित्य समाजबाट सञ्चालित कार्यक्रमहरूमा वाचन गरिएका रचनाहरूलाई संग्रहित गरी संयुक्त रूपमा प्रकाशनमा ल्याउन पाएकोमा हर्षित भएको छ । यस अवसरमा

नेपाली भाषा र साहित्यको उनन्यनमा साहित्य समाजसँग हामीले गर्दै आएको सहकार्यलाई हामी गर्वका साथ स्मरण गर्न चाहन्छौं ।

चेतनामूलक, शिक्षाप्रद, मनोरञ्जनात्मक तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्दै आगामी दिनहरूमा पनि सदासर्वदा साहित्य समाज नेपाली भाषा र साहित्यप्रेमी मनहरूको साथी बन्न सफल भइरहने र यस संघसँगको सहकार्य अटुट रहिरहने विश्वासका साथ साहित्य समाजको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**उद्धव अधिकारी**
ओएनजेडएम, जेपी,
अध्यक्ष, गैर आवासीय नेपाली संघ, न्युजिल्यान्ड
आजीवन सदस्य, नेसास न्युजिल्यान्ड

# नेपाली भाषा-साहित्यको संवर्द्धनमा सराहनीय कार्य



यतिखेर मलाई एउटा जिम्मेवारी प्राप्त भएको छ, त्यो जिम्मेवारी हो- नेपाली साहित्य समाज न्युजिल्यान्डले प्रकाशित गर्न लागेको 'स्पन्दनः शब्द सगरमाथा' नामक रचना संग्रहका बारेमा केही शुभकामनामय शब्दहरू उपहार स्वरूप प्रदान गर्नु। नेपाली जाति रोजगारीका सिलसिलामा वा अन्य सन्दर्भमा विश्वका जुनसुकै मुलुकमा पुगेर स्थायी वा अस्थायी रूपमा बसोबास गरेका भए पनि तत्तत् क्षेत्रमा आफ्नो भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने पुनित कार्यमा प्रतिबद्धताका साथ लागेको देखिन्छ । यस्ता प्रशस्त उदाहरण हामी पाउँछौं । यस्तै एउटा उदाहरण न्युजिल्यान्डका विभिन्न ठाउँमा छरिएर बसोबास गरिरहेका साहित्यप्रेमी नेपालीहरूले

पनि देखाएका छन् । उनीहरूले सेप्टेम्बर ७, २०१६ मा नेपाली साहित्य समाज न्युजिल्यान्डको स्थापना गरी नेपाली भाषा, साहित्य र वाङ्मयको प्रचार-प्रसार तथा प्रवर्द्धन गर्ने सत्कार्य गरिरहेका छन् । त्यस्तै मूलतः न्युजिल्यान्डमा बसोबास गर्दै आएका नेपालीहरूको हकहितका लागि आवाज उठाउने हेतुले अक्टोबर ६, २००५ मा गैर आवासीय नेपाली सङ्घ न्युजिल्यान्डको स्थापना भएको हो भन्ने जानकारी मैले पाएको छु । नेपाली साहित्य समाज न्युजिल्यान्ड र गैर आवासीय नेपाली सङ्घ न्युजिल्यान्डले विभिन्न साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दैआएका छन् । म स्वयं पनि दुई-चार पटक यस्ता कार्यक्रममा सहभागी हुन पाएको मधुर अनुभूति छ ।

यसपटक यस्ता कार्यक्रमहरूमा वाचन गरिएका रचनाहरू तथा न्युजिल्यान्ड र नेपालका अतिरिक्त विश्वका विभिन्न भागमा बसोबास गर्दैआएका नेपालीभाषी स्रष्टाहरूका रचनालाई संकलन गरी कृति प्रकाशित गर्ने तयारी भएको जानकारी पाउँदा मलाई निकै खुसीको अनुबोध भएको छ । यस्तो पुनीत कार्यका लागि म नेपाली साहित्य समाज न्युजिल्यान्ड र यसका सम्पादक मण्डललाई हार्दिक शुभकामना प्रकट गर्दछु । मलाई जानकारी भएअनुसार यस संग्रहमा केही पुराना र नयाँ पुस्ताका स्रष्टाहरूका रचनाले स्थान पाएका छन् ।

प्रस्तुत संग्रहअन्तर्गत समग्रमा एकसट्ठी वटा कविता, चौबीस वटा गजल, अठार वटा मुक्तक, अठार वटा हाइकु, पाँचवटा लघुकथा संग्रहित छन् । यस संग्रहमा समावेस गरिएका कविताहरू केही छन्दमुक्त र केही छन्दोबद्धअन्तर्गत शार्दुलबिक्रिडित लगायतका विभिन्न छन्दमा रचिएका छन् । गजल शीर्षकका केही रचना बहर/छन्दमा रचिएका र केही बेबहरमा लेखिएका छन् । यसरी यस कृतिभित्र विधागत तथा प्रविधागत विविधताको आस्वादन गर्न सकिन्छ ।

नेपाली साहित्य समाज न्युजिल्यान्ड र गैर आवासीय नेपाली सङ्घ न्युजिल्यान्डले नेपाली साहित्यको प्रसार र संवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछन् भन्ने कुरामा म विश्वस्त छु । अन्त्यमा म यस कृतिको सफल सम्पादन र प्रकाशनको लागि हार्दिक शुभकामना प्रकट गर्दछु ।

**डा. घनश्याम परिश्रमी**
कुलपति, बर्दघाट प्रज्ञा–प्रतिष्ठान,
नवलपरासी

# नेसास अध्यक्षको कलमबाट



न्युजिल्यान्डका विभिन्न ठाउँमा छरिएर बसोबास गरिरहेका साहित्यप्रेमी नेपालीहरूका लागि एउटा साझा साहित्यिक मञ्च सिर्जना गर्दै नेपाली भाषा, साहित्य र वाङ्मयको प्रचार–प्रसार तथा प्रवर्द्धन गर्न योगदान गर्ने हेतुले सेप्टेम्बर ७, २०१६ मा नेपाली साहित्य समाज न्युजिल्यान्डको स्थापना भएको हो । त्यस्तै न्युजिल्यान्डमा बसोबास गर्दैआएका नेपालीहरूको हकहितका लागि आवाज उठाउने हेतुले ६ अक्टोबर २००५ मा गैर आवासीय नेपाली संघ न्युजिल्यान्डको स्थापना भएको हो । नेपाली साहित्य समाज न्युजिल्यान्ड र गैर आवासीय नेपाली संघ न्युजिल्यान्डले आफ्नो स्थापना कालदेखि नै भौतिक उपस्थितिमा विभिन्न साहित्यिक तथा सांस्कृतिक कार्यक्रमहरू तथा 'फेसबुक लाइभ'मार्फत साहित्यिक कार्यक्रम सञ्चालन गर्दैआएका छन् । अनलाइनमार्फत सञ्चालन गरिएका

रचनावाचन कार्यक्रममा न्युजिल्यान्ड र नेपालका अलावा विश्वका विभिन्न भागमा बसोबास गरिरहनुभएका नेपाली–भाषी साहित्यकार तथा स्रष्टाहरूको सहभागिता रहँदैआएको छ । यस संग्रहमा तिनै साहित्यकार तथा स्रष्टाहरूका रचना समावेश गरिएको छ ।

नेपाली साहित्य समाजबाट साहित्य संग्रह प्रकाशन गर्दै जाने र संग्रहको नाम 'स्पन्दन' राखिने भन्ने सञ्जय शान्ति सुवेदीज्यूको नेतृत्वमा रहेको अघिल्लो कार्यसमितिले गरेको निर्णय र २०२३ फेब्रुअरी १८, शनिबारका दिन बसेको वर्तमान कार्यसमितिको निर्णयअनुसार यस कृतिको नाम **'स्पन्दनः शब्द सगरमाथा'** राखिएको हो । साहित्य समाज न्युजिल्यान्डको यो पहिलो कृतिलाई साहित्यपोस्ट डटकमसँगको प्राविधिक सहकार्यमा नेपाली साहित्य समाज न्युजिल्याण्ड र गैर आवासीय नेपाली संघ न्युजिल्यान्डको पहिलो संयुक्त कृतिको रूपमा प्रकाशनमा ल्याउन पाउँदा हर्ष बोध भएको छ ।

प्रस्तुत संग्रहभित्र एकसट्ठी वटा कविता, चौबीस वटा गजल, अठार वटा मुक्तक, अठार वटा हाइकु, पाँच वटा लघु कथाहरू संग्रहित छन् । संग्रहित रचनाभित्र समाजमा विद्यमान रहेका विसङ्गति र विकृतिहरूका विरूद्ध तथा आमा–बुवा, आफन्त र आफ्नो देशप्रेमप्रति मनभित्र उब्जेका तरङ्गहरूलाई स्रष्टा तथा साहित्यकारहरूले कलात्मक ढंगले शब्दमा उन्नु भएको छ । साहित्यले समाजमा सुवास, सुन्दरता र सजीवता

थप्छ भन्ने मान्यता राखेर लेखिएका यी सिर्जनाहरूमार्फत समाजमा प्रकाश छर्ने प्रयत्न गरिएको छ ।

यस संग्रहमा नेपाली भाषाका ज्ञाता साहित्यकार डा. घनश्याम परिश्रमीज्यूले भूमिका लेखिदिनु भएकोमा उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछौँ । भाषा सम्पादन गरिदिनुहुने साहित्यपोस्टका प्रधानसम्पादक चर्चित साहित्यकार अश्विनी कोइरालाज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं । संग्रहका लागि रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टा तथा साहित्यकारज्यूहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनहरूमा पनि यस्तै सहकार्य गरेर अगाडि बढ्ने अवसर अवश्य मिल्नेछ भन्ने आशा लिएका छौं । संग्रह प्रकाशनका लागि आवश्यक आर्थिक सहयोग उपलब्ध गराउने गैर आवासीय नेपाली संघ न्युजिल्यान्डप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै भविष्यमा पनि यस साहित्य समाजसँगको सहकार्य अटुट रहिरहने विश्वास गर्दछौं ।

साहित्य समाजले सञ्चालन गर्दैआएका विभिन्न साहित्यिक गतिविधिहरू सफल बनाउन सहयोग गर्नुहुने विभिन्न संघसंस्थाहरू, यस समाजका सल्लाहकार ज्यूहरू, कार्यसमितिका पदाधिकारीज्यूहरू तथा नेपाली भाषा/साहित्यप्रेमी सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै यस संग्रहका निमित्त रचना संकलनका लागि अमूल्य योगदान गर्नुहुने डा. रेणुका सोलुज्यू, डा. जानुका नेपालज्यू, राधिका कल्पितज्यू, कार्यसमितिका पूर्व अध्यक्ष सञ्जय शान्ति सुवेदीज्यू लगायत कार्यसमितिका

साथीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

संग्रह सम्पादनमा योगदान गर्नुहुने यस समाजका उपाध्यक्षद्वय नमिता दवाडीज्यू र युवराज भण्डारीज्यू तथा गैर आवासीय नेपाली संघ न्युजिल्यान्डका अध्यक्ष उद्धव अधिकारीज्यूप्रति विशेष आभार व्यक्त गर्दछु । अन्त्यमा सचेत पाठकहरूले यस संग्रहमा समावेश गरिएका रचनाहरूलाई माया गरिदिनु हुनेछ भन्ने विश्वास लिएको छु ।

**डा. वीरेन्द्र केसी**

अध्यक्ष, नेपाली साहित्य समाज, न्युजिल्यान्ड

सदस्य, गैर आवासीय नेपाली संघ

# नेपाली भाषा र साहित्य प्रवर्द्धनमा नेपाली साहित्य समाज




न्युजिल्यान्डमा दर्ता भएका विभिन्न नेपाली संस्थाहरूले बेलाबखत आफ्ना न्युजलेटर र अन्य प्रकाशनहरूमार्फत नेपाली साहित्यलाई स्थान दिंदै आएको देखिन्छ । केही संस्थाहरूले नेपाली रेडियो सञ्चालन गरी नेपाली भाषा र गीत-संगीतमार्फत साहित्यको सेवा गर्दै आइरहेको पाइन्छ । त्यस्तै केही संस्थाहरूले नेपालीहरूलाई गोलबन्द गर्दै समय-समयमा सांस्कृतिक कार्यक्रम सञ्चालन गरेर नेपाली भाषा र संस्कृतिलाई जगेर्ना गर्ने काम गर्दैआएको देखिन्छ।

छुट्टै साहित्यिक संस्था नै स्थापना गरेर नेपाली भाषा र साहित्यको उत्थान गर्ने कार्य भने

गैर आवासीय नेपाली संघ न्युजिल्यान्ड, न्युजिल्यान्ड नेपाल सोसाइटी र न्युजिल्यान्ड नेप्लीज एसोसिएसनको संयुक्त प्रयासमा सन् २०१६ मार्च १८ मा भएको भेलाले साहित्यकार श्री पशुपति कर्माचार्यको नेतृत्वमा ८ सदस्यीय नेपाली साहित्य समाजको गठनपश्चात्  सुरू भएको हो। न्युजिल्यान्डमा एक साहित्यिक संस्था गठनबारे पहल गर्न प्राध्यापक श्री पीताम्बर दाहालको सुझावमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका संस्थापक अध्यक्ष श्री होमनाथ सुबेदी न्युजिल्यान्डमा आाउनु भएको अवसरमा उहाँको उपस्थितिमा श्री सुमन र प्रियंगु ढुंगेलको निवासस्थानमा सो भेलाको आयोजना भएको थियो । भेलामा तलको तस्बिरमा देखाइएका महानुभावहरूको उपस्थिति थियो ।



न्युजिल्यान्डमा नेपाली साहित्य समाज गठनको

लागि बोलाइएको पहिलो भेलामा उपस्थित महानुभावहरू माथिको तस्बिरमा दायाँबाट क्रमशः श्री डा. सन्तोष भण्डारी, श्री अचला अधिकारी, श्री श्रीधर बस्न्यात, श्री प्रियंगु ढुंगेल, श्री होमनाथ सुबेदी, श्री पशुपति कर्माचार्य, श्री लक्ष्मण सुन्दर सैजू, श्री उद्धव अधिकारी, श्री नन्ददेवी सुवेदी र श्री बाबुराजा महर्जन हुनुहुन्थ्यो ।)

श्री पशुपति कर्माचार्यको नेतृत्वमा गठन भएको सो कमिटीमा उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष क्रमशः श्री लक्ष्मण सुन्दर सैजू, श्री यज्ञराज पन्त, श्री मीना पौडेल र श्री सजना थापा रहनु भएको थियो। सदस्यहरूमा श्री पंकज श्रेष्ठ, श्री पदम बन्जाडे र श्री बलराम खनाल रहनु भएको थियो । कमिटीले सल्लाहकारहरूमा श्री श्रीधर बस्न्यात (पूर्वअध्यक्ष, न्युजिल्यान्ड नेपाल एसोसिएसन), श्री बाबुराजा महर्जन (तात्कालीन अध्यक्ष, एनआरएनए न्युजिल्यान्ड), श्री उद्धव अधिकारी (तात्कालीन अध्यक्ष, न्युजिल्यान्ड नेपाल सोसाइटी), र श्री कमल श्रेष्ठ (अध्यक्ष, नेपलिज कल्चरल सेन्टर, न्युजिल्यान्ड)लाई मनोनित गरेको थियो ।

समाजको विधान लेख्ने कार्य श्री बाबुराजा महर्जन, श्री श्रीधर बस्न्यात र श्री पशुपति कर्माचार्य सहितको तीन सदस्यीय समितिले टुंगो लगाएको थियो भने दर्ता गर्ने काम श्री महर्जनले गर्नुभएको थियो ।

विधिवत रूपमा २०१६ सेप्टेम्वर ७ मा दर्ता भएपछि नेपाली साहित्य समाज न्युजिल्यान्डले २०१६ सेप्टेम्बर २४ मा प्रथम पटक साहित्यिक गोष्ठीको आयोजना गरेको थियो। करिब ३० जना साहित्यप्रेमीहरूको उपस्थिति रहेको उक्त साहित्यिक गोष्ठीले न्युजिल्यान्डमा नेपाली साहित्यको भविष्य उज्ज्वल रहेको संकेत दिएको थियो।

संस्थापक अध्यक्ष श्री पशुपति कर्माचार्यको ३ वर्ष ७ महिनाको कार्यकालपश्चात् सन् २०१९ अक्टुबर २७ मा एक समारोहका बीच श्री सञ्जय शान्ति सुवेदीलाई नेपाली साहित्य समाज न्युजिल्यान्डको दोस्रो अध्यक्षको रूपमा पद हस्तान्तरण गरिएको थियो ।

समाजले निरन्तर रूपमा विभिन्न साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको भए पनि रिपोर्टिङ नगरेको कारण देखाई रजिस्टारको कार्यालयले १२ मार्च २०२१ मा संस्था रद्द गरेको थियो । त्यसपछि १९ मे २०२१ को विशेष साधारणसभाले संस्थालाई पुनर्जीवित गर्ने कार्यका लागि आवश्यक पहल गर्न तथा सोसाइटीको विधान संशोधन प्रस्ताव तयार पार्न श्री श्रीधर बस्न्यात र श्री डा. वीरेन्द्र केसी रहेको दुई सदस्यीय समिति गठन गरेको थियो । उक्त समितिले तयार पारेको संशोधन प्रस्तावलाई ३१ जुलाई २०२१ को विशेष साधारणसभाले सदर गरेको थियो । सोहीअनुरूप सो समितिले

समाजको स्थापनादेखिका आवश्यक विवरण, र संशोधित विधानको प्रति रजिस्टारको कार्यालयमा बुझाएको थियो, जसको आधारमा ३१ मे २०२१ देखि लागू हुनेगरी संस्था पुनर्जीवित गरिएको थियो ।

नेतृत्व हस्तान्तरणको सिलसिलाअन्तर्गत शनिबार, ७ नोभेम्बर २०२१ का दिन अध्यक्ष श्री सञ्जय शान्ति सुबेदीको अध्यक्षतामा अनलाइनमा सम्पन्न समाजको साधारणसभाले तेस्रो कार्यकाल (सन् २०२१-२३) को लागि कार्यसमिति गठन गरेको थियो । साधारणसभाले समाजका सल्लाहकार श्री श्रीधर बस्न्यातलाई नयाँ कार्यसमिति गठनका लागि संयोजन गर्न अनुरोध गरेअनुसार उहाँले उक्त कार्यको संयोजन गर्नुभएको थियो । कार्यसमितिको विभिन्न जिम्मेवारीमा बस्न इच्छा व्यक्त गर्नुभएका महानुभावहरूलाई समावेश गरी निम्न अनुसारको कार्यसमिति गठन गरिएको थियो ।



तेस्रो कार्यकालका लागि तपसिल अनुसारका सल्लाहकारहरू मनोनयन गरिएको छः



हालसम्म न्युजिल्यान्ड निवासी ४५ जना नेपाली भाषा र साहित्यप्रेमी महानुभावहरूले साधारण सदस्यता ग्रहण गरिसक्नुभएको छ, जसमध्ये तपसिल अनुसारका १९ जनाले आजीवन सदस्यतासमेत ग्रहण गर्नुभएको छ ।




साधारण तथा आजीवन सदस्यता लिने क्रम जारी छ ।

**श्रीधर बस्न्यात, बाबुराजा महर्जन**
सल्लाहकार तथा आजीवन सदस्य
नेपाली साहित्य समाज

# विषयसूची

| | |
|---|---|
| कविता खण्ड | २५ |
| गजल खण्ड | १५६ |
| मुक्तक खण्ड | १८१ |
| लघुकथा खण्ड | १८९ |
| हाइकु खण्ड | २०३ |

# १. कविता खण्ड

# विसङ्गत महानगर
(सम्मानित कविता)



डा. घनश्याम परिश्रमी
नवलपरासी

जहाँ
पसिना नखसेको
उर्वर खेतजस्तै मनहरू छन्
माटोको चित्र
नबोकेकाजस्तै आँखाहरू छन्
सांस्कृतिक सौन्दर्यको
मधुरता नचाखेका जस्तै
नीरस मुटुहरू छन्
उज्यालो सभ्यताको
अद्भुत चमक
अनुगमन नगरेकाजस्तै
भोका मस्तिष्कहरू छन्
जहाँ
सेतो पोतिएका
कालो अनुभूतिजस्ता

विचलित भावहरूको
स्वार्थी जमघट छ
राता चिन्तनहरूमा
पहेँलो मिश्रणले बनेको
रङ्को लेपनजस्ता
विचारमा उत्पन्न संकट छ
सुविधाका किरणहरूको पहुँच
उत्तुङ्ग अट्टालिकाहरूमा मात्रै
परिसीमित छ
वास्तविक जीवनका
अनेकौं नमुना
परिचयभन्दा बाहिर छन्
आफ्नो नामबाट
पसिनाको अस्तित्वका
क्रेताहरूबाट खरिद भएका
सीप र श्रमहरू
कंक्रिटका जङ्गलमा
गरिरहेछन् साधना, उपासना
भूमाफियाले
टुक्राटुक्रा पारेका
घडेरीहरूमा
अनि छतमाथि
छत उठाउने तपस्यामा
जहाँ

भौतिक विकृतिका
पराभौतिक विसङ्गतिका
मानक चित्रहरू देखिन्छन्
सुरूपताभित्र
कुरूपताका
जीवाश्महरू भेटिन्छन्
कतै आर्षकलाका मिथ्या विम्ब
कतै वास्तुकलाका
अतीत प्रतीक
कतै ललितकलाका
भ्रामक रूपक
दृष्टिगत हुन्छन्
यस्तै यस्तै निशानी
यही त हो महानगर
हाम्रो केन्द्रीय राजधानी
जहाँ
बाहिर छ प्राकृतिक मनोहरता
भित्र पसेको छ
विसङ्गत कुरूपता ।

# फर्केर आऊ घर

(सम्मानित कविता)



सुदेश सत्याल
काठमाडौँ

पैसाले सबथोक आउँछ भने माया किनी ल्याउनू
पैसाले यदि शान्ति मिल्दछ भने उद्यान के धाउनु
थाहा नै छ समुद्रपारितिरको त्यो देश कस्तो छ र
यो सानो झुपडी बुझे महल हो फर्केर आऊ घर

मान्छे आज विदेशको झिलिमिली देखी रमाए पनि
आमाकै प्रिय हुन्छ काख जहिल्यै लाखै कमाए पनि
जाँदै छौ पुतली समान नभमा उड्दै कहाँ हो पर
आफ्नै देश सिँगार्नु पर्दछ यहाँ फर्केर आऊ घर

बाँझो खेत जतातितैतिर भए के काम खोज्छौ भन
नेपाली हुनुमा छ गौरव स्वयं के नाम खोज्छौ भन
हो तिम्रै श्रमले फुलाउनुपर्यो यो सिर्जना सुन्दर
फुट्छन् मूल यहीँ फुटाउन सके फर्केर आऊ घर

बस्दाखेरि यहीँ गुराँस जसरी मुस्कान साँचिन्न र
चाहे खान परोस् न गुन्द्रुक ढिँडो खाएर बाँचिन्न र
अर्को सुन्दर देश खै छ र कहाँ यो भूमिभन्दा पर
रित्तो आँगनको तिमी मखमली फर्केर आऊ घर

खुल्छन् गुप्त कुरा विदेशतिरका ढोका चियाएपछि
के फल्दैन हुँदैन के दशवटा नङ्ग्रा खियाएपछि
माटाको पनि चाहना छ नि यहीँ उद्योगधन्दा गर
आमाको अनुहार चाउरिसक्यो फर्केर आऊ घर ।

# गजल

(सम्मानित गजल)



प्रदिप रोदन
गोर्खा

होला हजार गल्ती माफी गरेर जान्छु
पानी हुँ तिम्रो केशको अब झरेर जान्छु

साना लोटाहरू छन् मैले नि भर्न पर्ने
पर्खी न मृत्यु एकछिन घैला भरेर जान्छु

काँडा त होस् तँ भन्छन् मैले नकोतरे नि
दोषी यसै उसै म सब कोतरेर जान्छु

तिम्रो खुसी नियाल्ने, दुनियाँ हुनेछ प्रिया
यो के कुरा भयो र मै जो मरेर जान्छु ।

# नानीबाबुलाई शिक्षा



अजित उत्सव
हाल: दक्षिण कोरिया

मास्टर साब !
घामका कलिला पाइला टेक्दै
विद्यालय आइपुगेका यी बालबालिकालाई
के सिकाउनु भएको छ तपाईंले ?

सिकाउनुस् - जीवनको लय
जसलाई गाउँदै यी बालबालिकाहरू
गर्न सक्नेछन् दु:खका उकाली–ओराली

कोरिदिनुस् - शिक्षाको गोरेटो
बाँकी बाटो आफैं बनाउँदै
जूनकीरीझैं आफ्नै उज्यालोमा
एकदिन यिनीहरू
पुग्नेछन् सफलताको सगरमाथा

कलिला गोडाहरू हिँड्ने क्रममा लड्लान्,
आफ्नै बलमा उठ्न सिकाउनुस्
हजार पटक लडेर पनि आफैं उठेपछि
यिनीहरू उभिनेछन् पहरामा उभिएको रूखझैं

खुकुरी र बन्दुक चलाउन होइन
सिकाउनुस् चट्टानी छाती थाप्न
देशलाई परेको बेला ढाल बनेर
यिनीहरूले नै बचाउनेछन् देश

मास्टर साब, के सिकाउँदै हुनुहुन्छ यिनीहरूलाई ?
लैला मजनुको प्रेमकथा या अमर सहिदको जीवनगाथा ?

सुनाउनुस् सहिदका कथा
सिकाउनुस् नेपाली गाउँका भाका

सुनाउनुस् हिमालको कथा
जो पहाडलाई औधी प्रेम गर्छ
-सुनाउनुस् पहाडको कथा
जसले तराईलाई छातीमा टाँस्छ
-सुनाउनुस् तराईको कथा
जो शिरमा सगरमाथा लिएर दसगजामा उभिन्छ

मास्टर साब,

यी कलिला बालकलाई विभाजनको धर्म नसिकाउनुस्
असहिष्णुताको जात व्यवस्था नसिकाउनुस्
राजनीतिको अंकगणित नसिकाउनुस्

घामका कलिला पाइला टेक्दै
विद्यालय आइपुगेका यी
बालबालिकालाई राष्ट्रगान सिकाउनुस्
राष्ट्रिय झन्डाको रङ चिनाउनुस्
स्वाभिमानी नेपाली बनाउनुस्

एकदिन समय आउनेछ–
उनीहरूले नै यो देश बनाउने छन्
यिनीहरूले नै यो देश बचाउने छन् ।

# परिकल्पना



अञ्जान मुना
हालः न्युजिल्यान्ड

मेरा आँखाको लतपतिएको गाजल देखेर
मेरो मलिन मुहार देखेर
अनि कलैंटी परेका ओठ देखेर
कसैले मलाई सोधोस्
के भयो ? किन उदास छौ ?
सञ्चो भएन ?

कोही त आओस्
मलाई बेस्सरी माया गरोस्
अँगालोमा बेरेर भनोस्
समय सधैँ एकनास रहन्न
मान्छे सबै एकै हुँदैनन्
सबैमा धैर्यको साहस हुँदैन
मान्छेका व्यवहारले आफूलाई पीडा नदेऊ !

उसले
म नबोल्दै मेरा सबै कुरा बुझोस्
आँ गर्दा अलंकार बुझोस्

मेरो मौनता बुझोस्
मेरा आँशुका अर्थ बुझोस्
सफलता पछिका मेरा दुःख-सुख बुझोस्
हो,
मेरा हरेक कामहरूको अर्थ बुझोस्
र
मलाई, म भएका कारण माया गरोस् !

म उस्लाई जिन्दगीभर साथ दिनेछु
सुखदुःखमा सँगै हिंड्नेछु
समाएर एकअर्काका हातहरू
देख्नेहरूले क्या जोडी छ भनून्
म उस्कै मुना बनूँ
ऊ मेरो मदन !
हामी मुनामदन बनौँ
लैला-मज्नू बनौँ
रोमियो-जुलियट बनौँ
एक उदारणीय जोडी बनौँ !

आऊ तिमी सुस्तरी सुस्तरी
थाम मेरा हातहरू
अँगाल मायाले
छोडिदेऊ चुम्बनका वर्षा !
म तिम्रो परिकल्पनामा छु
आऊ प्रियवर
म तिम्रै पर्खाईमा छु ।

# गाउँको मानचित्र



असीम सागर
प्रदेश न. ५, अर्घाखाँची

आफ्नै पाखो बारीमा हलो जोतेर
म स्वाभिमानले बाँच्न खोजेँ
तिनीहरूले मलाई होच्याएर हली भने

पहाडका उकाली ओरालीहरूमा भारी बोकेर
म इमानले बाँच्न खोजेँ
तिनीहरूले मलाई हेपेर ढाक्रे भने

यसरी
ब्राण्डेड जुत्ताले कुल्चिएर
चुँडिएको म थोत्रो पुरानो चप्पल सहर छिरेँ
सहर छिरेपछि लाग्यो –
गाउँमा त बरू धुलो बनेर एकछिन भए पनि
किसानको लुगामा टाँसिन पाउँथे
तर सहरमा त
कसैको जुत्ताको सोलमा टाँसिन पनि

जुत्ताकै टेकाई सहनु पर्दोरहेछ

बाजले चिललाई लखेट्नु
चिलले पंक्षीलाई खेद्नु
पंक्षीले ससाना किराफट्याङ्ग्रा खानु
सायद प्रकृतिकै नियम रहेछ सम्झें
र सडक किनारमा नाङ्लो पसल खोलें
तिनीहरूले मलाई नाङ्ले भन्दै लखेट्न थाले
ठेलागाडामा सब्जी बेचें
तिनीहरूले मेरो ठेला पल्टाइदिए
र मलाई पाखे भन्दै विस्थापित गराए

अब म कुन देशको शरणमा जाउँ ?
कुन देशको शरणमा जाउँ अब म ?

यसरी
गाउँमा तिर्खा बाँड्दै हिंड्ने खोला
एकदिन नदीमा हाम फाल्यो
र बग्दै-बग्दै समुद्र पुगेर बेपत्ता भयो

अचेल मेरो गाउँ
तिनै बेपत्ता खोलाको पर्खाइमा
टुहुरो बालकझैं झोक्राएर बसेको छ ।

# कलमको व्यथा



आदर्श रिजाल
हालः न्युजिल्यान्ड

कलमको महिमाबारे के भनूँ र मैले
समालेर लेख्नु पर्छ भन्थे पैले पैले

कस्ले सुन्ने कस्ले बुझ्ने कलमको व्यथा
वरिपरि हेर्दा बुझ्दा नानाथरि व्यथा

एकान्तमा कलमले भन्छ आफ्नो कथा
कल्ले सुन्ने कल्ले बुझ्ने मर्म अनि व्यथा

वेद लेखे, पुराण लेखे, नीति नियम लेखे
दुष्टहरूको हातमा पर्दा मैले यो दिन देखेँ

झुटको खेती कसैले नि नगरौँ है साथी
झुटको कुरा लेख्नुभन्दा नलेखेकै जाति ।

# यो हाम्रो न्युजिल्यान्ड



इन्दु काफ्ले
सदस्य, नेसास, न्युजिल्यान्ड

विशाल महासागरले घेरिएको यो हो सुन्दर महाद्वीप
प्रकृतिले सिंगारेर सजिएको अनेकन् मनमोहक रूप
मनै लोभ्याउने दृश्य के छैन जस्तो लाग्ने यहाँ
यही आनन्दमा भुलाइदिने न्युजिल्यान्ड छ जहाँ

न त अनकण्टार उकालो मात्र चट्ट थुम्का र पहाड
तिनै तरेलीसँगै झरझर झर्ने झरना झन् अपार
ताल तलैया र पोखरीले झुलाउँछ हराउँछ पीडा
हावासँगै बहकिने मन सृष्टिको मोह पुरीमा रम्दा

उदाउँदै गरेको सूर्यको सुनौलो रङ महाद्वीपमा छुन्छ
श्वेत हिमले छोपेको हिमश्रृंखला रत्ताम्मै हुन्छ
लाग्छ त्यही हिमाल कतै यो मेरो देश नेपालकै भाइ हो
त्यसैले त यहाँ तेन्जिङसँगै हिलारीको नाता जोडिएको हो

स्वच्छ शुद्ध हराभरा बगैंचा किवी र अंगुर अनि स्याउ
रम्दै रमाउँदै नेपालीलाई लोभ्याएको हो यो ठाउँ
झुक्किन्छु म ब्युँझिदा यो नेपाल हो या न्युजिल्यान्ड
एउटा बेग्लै दुनियाँ हो यो हाम्रो न्युजिल्यान्ड ।

# साहित्य के हो



डा. ईश्वरी न्यौपाने
हालः न्युजिल्यान्ड

साहित्य राग हो, साहित्य अनुराग हो
साहित्य जीवन हो, साहित्य यथार्थ हो
साहित्य अनुभव र अनुभूतिको प्रस्फुरण हो
साहित्य जीवन दर्शन र अन्तर मनको अभिव्यक्ति हो
साहित्य दुःख र सुख सम्मिश्रित शब्दजालको गीत हो
अनि मायाले बुनेका यादहरूको लघुकथा हो
साहित्य जीवनको खुसी, दर्शन र अन्तरमनको सार हो
लोभ, मोह र डाहको ताप्नै नमिल्ने आगोको राप हो
साहित्य गीत, प्रीत र रमाइला अनुभूतिको विवेचना हो
अनि विछोड र रोदनले सिर्जित अन्तिम सत्यको विश्लेषण हो
सुरा-सुन्दरी र सम्पन्न मानिसको जीवन मात्र होइन साहित्य
फाटेको कपडा लगाउने दीनदुःखीको कथा पनि हो साहित्य
फुलेको बगैंचा र सफल व्यक्तित्वहरूको प्रशंसा मात्र होइन साहित्य
सुकेका फूलहरू र बिर्सिएका देशभक्तहरूको कथा पनि हो साहित्य
लब्ध प्रतिष्ठित कवि कलाकारको जयकार मात्र होइन साहित्य
किसान, मजदुर र विपन्नको अन्तरमनको गीत हो साहित्य

विचार, भाव र शब्द अलङ्कारको पद्य मात्र होइन साहित्य
परिवेश, यथार्थ परिवेश, थकाइलाग्दो उकालोको गद्य पनि हो साहित्य
माछा मार्ने र डुङ्गा तार्ने माझीको जीवनकथा मात्र होइन साहित्य
कविको शब्द जालले बुनेको रोमाञ्चक तालको सौन्दर्य हो साहित्य ।

# धन्न मेरी आमा



उर्मिला ढकाल
हालः न्युजिल्यान्ड

आमा मेरो भावि आगमनलाई मुस्कुराउँदै
कल्पनामा सजायौ
मैले नौ महिनासम्म तिमीलाई बोझ
दिँदा पनि ती दिन उत्साहमा बितायौ

अनि रात दिनै मैले दिशा पिसाबमा
डुबाउँदा पनि अमूल्य ममता दिलायौ
मेरा चुलबुले वात्सल्याको चाहना पुऱ्याउन
आफ्ना दुःखले जोगाएको वचत सकायौ

तरंगित भावना र जिद्दी सम्हाली
किशोरी हुँदा नै अमूल्य संस्कार सिकायौ
इमान्दारी काम गर्नु अनि नचाहिँदोमा
नझुक्नु भनी जीवनमार्ग देखायौ

आफ्नै स्वभिमानमा जिएस भनी मलाई
गौरवान्वित बन्ने उपाय सिकायौ
पछिसम्मको सुखी र सन्तोषी जीवनका लागि
मेरो घरजम पनि गरायौ

तिम्रो साथ छोडी हिँड्दा पनि दुःखसुखमा
भेटौंला भनी चित्त बुझायौ
अनि मैले देशै छोडी हिँड्दा पनि मैले
सुख पाउँछु भनी रमायौ

यो महामारीमा एक्लो महसुस हुँदा पनि
हाम्रैलागि पीडा लुकायौ
धन्न मेरी आमा सारा क्षण हामीमा खर्चिंदा पनि
धैर्यको अस्मिता कसरी बचायौ ?

# कति गजब छ जिन्दगी



ओम बस्न्यात
हालः न्युजिल्यान्ड

कति गजब छ जिन्दगी
कैले सास्ती छ कैले मस्त छ जिन्दगी
बिहान उठेदेखि नसुतेसम्म दिमाग चलेको चल्यै छ
अनुवाद गरेर भाषा मिलाई ठिकै पार्छ जिन्दगी
इसारा पनि मिलाउन खोज्दछ जिन्दगी
बुढी औंला देखाउँदा ठीक–बेठीक
यो सही कि गलत शंकामा छ जिन्दगी

कुराको आशय बुझ्न सक्ने मानिस खोजी गर्ने बेलामा
इसारा बुझ्ने मात्र भए नि काम चलाउन जान्दछ जिन्दगी

सपनामा आफ्नो भाषामा कुरा गर्न पाउँदा खुसी हुन्छ
बोल्दै हिंडदै आफ्नै गाउँ ठाउँ पुगिदिन्छ जिन्दगी
आफ्नै आँगन पुगेर बालापनमा रमाउँछ जिन्दगी
साथीसंगीलाई भेट्दा सम्झाउँदै भन्छ
बाध्यता र परिबन्धको खेल रहेछ जिन्दगी

समय बिस्तारै चलेको थियो तहाँ
तर आजभोलि चन्द्रसूर्य प्रतियोगितामा छन् जस्तो लाग्यो
यस्तो लाग्छ, रातो देखे रोकिन्छन् हरियो देखे हुइँकिन्छन्
घडि मिलाई रहन्छन्, सबै आ–आफ्नो काममा व्यस्त छन्
सूर्य तल आइदिन्छन्, चन्द्र टाढा भइदिन्छन्
कस्तो छ घाम–जूनको पिरती !
अनि छक्क छ जिन्दगी ! यस्तै छ जिन्दगी !!

# हजुरआमा



ऋतु बराल
पोखरा, फूलबारी
हालः न्युजिल्यान्ड

हिजो राति सपनीमा देखेँ तिमीलाई
टुकुटुकु लौरी टेकी भारी बोकी हिँड्नेलाई

सानो छँदाखेरी म खुब सताएँ होला है
खाना खाँदा सधैँ अटेरी भई रहे होला है
कोतार कुतार गर्थें अरे चाउरिएका गाला
त्यही पनि तिमीले कति सही बस्यौ है

ठूली भई हिँड्दा पनि सानी नै सोची रह्यौ
हिँड्दा कतै लड्छे भनी सधैँ हात थमाई राख्यौ
मुटु मेरी पनातिनी भन्दै हिँड्थ्यौ
आँखाअगाडि नदेख्दा बाटो-बाटो खोज्दै हिँड्थ्यौ

फुलेको केश तिम्रो चाउरिएका गाला
झरेका दाँत त्यसमाथिको थोते हाँसो

पातलो सिंहको जस्तो जीउ
त्यसमाथि घाँसको भारी लुरूलुरू हिँड्थ्यौ
लौरीलाई सहारा मानी

श्रीमान्सँग बोल्न पाइन भनी गनथन गर्थ्यौं
गर्भ रहेको सात दिनमै श्रीमान् खसे भन्थ्यौ
दुःखैदुःख गरेर एउटा टुहुरो छोरो हुर्काउँदै गयौ
त्यही छोरोबाट फैलिएर आज पनातिनी देख्न पायौ

बानी तिम्रो साह्रै राम्रो दिउँ मात्र भन्नी
दयाका ती हातहरू सधैँ अघि सारनी
मायाकी खानी तिमी ममताकी रानी
सधैँभरि छाइबस्यौ मन–मस्तिष्कमा तिमी ।

# निदरी



ऋतुराज सापकोटा
वालिङटन, न्युजिल्यान्ड

पोहोर निद्रा नलाग्ने
म मात्र कहाँ रहेछु त ?
घडीका काँटा...
ए ! काँटा हैन डिजिटल घडीका अंक
मध्यरात नाघी
मिर्मिरे उज्यालोको दिशामा
अविरल बढ्दा
उत्तानो परी
आफ्ना जीवनका क्षणहरू
भूत अनि भविष्य...
सम्झना अनि कल्पना...
टालिएका आँखाका भित्र
सिनेमाघरको पर्दामा जस्तै
दृश्य बनी नाच्ने
मेरो मात्र कहाँ रहेछ त ?

मेरा साथी
सहकर्मी...
छिमेकी...
कोही समुद्रपारि
कोही सफल
कोही संघर्षमा लग्न
कोही धनी...
सबै नै
आफ्ना भूल, आफ्नो आम्दानी
या अधुरो रहेको महत्वकांक्षाका कहानी
दिमागमा केलाउँदै... खेलाउँदै...
निदरी आएर ढाक्छिन् कि भन्ने आशमा
त्यही रात, शायद त्यही समय नै...
म जस्तै...
जागै बसेका रहेछन्

संसारभरि फिँजिएर हामी
आफ्ना आँगन, गोठ र कौसी
भान्छाबाट आउने मसलाको बास्ना
त्यो कहिले नचुट्टिएको, नफेरिएको
चप्पलको जोडी...
आफू हुर्कंदा च्यापेको सिरक र डस्ना...
पानी उघाउने बाल्टी...

यी सबैबाट टाढिएर
अन्जान सहरहरूको
चिसा घरहरू भित्र
बिरानो ओछ्यानमा पल्टेर
कोल्टे फेर्दै
सिरानी पल्टाउँदै
छाति हल्का गर्ने प्रयासमा
एउटा पिँढी सारा नै
मसँगै... मजस्तै...
जागरण बस्दोरहेछ

# मांसभक्षण



कमलराज केसी
अछाम, हाल: काठमाडौँ

शासकलाई मन पर्दैन
सकाहारी भोजन

भाषणमा
सागपातको महिमा गाए पनि
दुनियाँको हरेक शासक
मांसप्रिय नै हुन्छ

विश्वास नलागे
आऊ पर्सौं
इतिहासका अँध्यारा गुफाहरूमा
र छिरौँ–
इदि अमिन र पोलपोटका
भान्छामा, डाइनिङ रूममा
नियालौँ–

हिटलर र मुसोलिनीको खान्की
सहजै अनुमान गर्न सक्छौँ-
सद्दाम हुसेन र लादेनको भोजन
तिनलाई पनि सिकार बनाउने सिकारीको भोजन !

मांसभक्षण
जङ्गली युगमा
तिनीहरूले पनि गर्थे
मांसभक्षण
आधुनिक युगमा
यिनीहरू पनि गर्छन्

तर फरक छ
आदिम अनि आधुनिक मांसभक्षणमा
जङ्गलमा मान्छे पशुपंक्षीको सिकार गर्थे
र, अस्तित्वका लागि मांस खान्थे
आजका मान्छे
गाउँ-सहरमा मान्छेकै सिकार गर्छन्
मानव-रक्तकै मदिरा पिएर विजयोत्सव मनाउँछन्

त्यो युगमा तिनीहरू
तिर्खा लाग्दा
मूलको पानीले प्यास मेटाउँथे
यो युगमा यिनीहरू

गरिब-मजदुरको
आँसु र पसिना पिउँछन्
मान्छेको गिदीको भुटुनसित
मान्छेकै रगतको रेड वाइन पिउँछन्

शासक
जुनसुकै देशको
जुनसुकै सभ्यताको किन नहोस्
जब चढ्न थाल्छ उसमा
सत्ता उन्माद
बिर्सन थाल्छ मानवता

मांसभक्षण
शासकको अकाट्य स्वभाव हो
अनि लाग्न थाल्छ-
शासक भनेको त
मानव मुखुण्डो भिरेको बाघ पो रहेछ !
जसका अगाडि
जनता भन्नु निरीह मृग न हुन्
शक्ति राष्ट्र भन्नु पनि बाघ
निरीह देशहरू सब मृग !

संयुक्त राष्ट्र संघ
जेनेभा महासन्धि

अन्तर्राष्ट्रिय अदालत
मानव अधिकार
नेटो
यी सबै सबै
हात्तीका देखाउने दाँत न हुन्
जसको बुइँ चढेर
बाघहरू क्रीडा खेल्छन्
र, बेलामौका सिकार गर्छन्
निरीह मृगहरूको

अभिनय कलामा पोख्त
होमोसेपियन्स
बडो रहस्यमयी जीवजस्तो लाग्छ
जसले सबैभन्दा बढी
रटान लगाउँछ– शाकाहारको
उसले उति नै बढी
मांसभक्षण गरिरहेको हुन्छ
नपत्याए नियालेर हेर–
अष्टमी मेलाको दिन
भगवती मन्दिरको रगताम्मे प्राङ्गण

मांसभक्षणको विरोध गर्नु त
ज्यानकै जोखिम उठाउनु हो
बुद्ध मानौँ एक महान् अपवाद

क्राइस्टहरू स्वयं
क्रुसमा टाँगिनुपरेको
जीवन्त इतिहास यहीँ छ
सुकरातहरूले
हेमलक पिउनुपरेको
दुर्दान्त व्यथाहरू यहीँ छन्
मन्दिरमै गान्धीको बलि चढेको
समय साक्षी यहीँ छ !

अहो !
मांसभक्षणको
एक महान् विरोधी
हाम्रो शुक्रराजलाई
बगरेहरूले
टेकुको खरिबोटमा लट्काएको पनि
जुगौँ भइसकेछ
ठीक यति नै खेर
तिनै शुक्रराजहरूको देशमा
मांसभक्षण
चरम सीमामा पुगेको छ

मलाई थाहा छ
मांसभक्षणको विरूद्धमा

आवाज बुलन्द गर्नु भनेको
ज्यानकै खतरा मोल्नु हो
तर पनि
मैले बोल्नैपर्छ
म चेत भएर पनि बोलिनँ भने
भतभती पोल्ने छ मेरो आत्मालाई
शहीदको उम्लँदो रगतले ।

# चुनावको चुनौती



कवीन्द्र पुडासैनी
काठमाडौँ

साँच्चै जनता चिढिया छ, भोट कसलाई दिन्छ
कोको आए जिते गए, उसको व्यथा त्यही छ

बदल्न नि खोज्छ उसले, चाहेको छ विकास
आउँछ नेता फकाउँछ, नेताकै छ उकास

खबरदारी कति गरोस्, जो आए नि त्यही भो
माछो-माछो भ्यागुतो भो, गर्ने कसले के हो

दरो सरकार बनाउन, आँधी आउनै पर्छ
ली क्वान युको छनोटमा, जनता जाग्नैपर्छ

छन् कि त्यस्ता कर्मठ नेता, खोजी खोजी छानौँ
थोरैले नि काफी हुन्छ, बेकारलाई फालौँ

परिवर्तन चाहेको छ, समयले आज
आएको छ चुनौती यहाँ, तिमीहामी माझ ।

# अरू क्या भनुँ



खगेन्द्र अधिकारी 'अमृत'
अध्यक्ष, कर्णाली साहित्य समाज, सुर्खेत

ननिको नमान्याई बङ्डिय
म विदेश बाइजाँदो भएँ
सम्मार अऱ्याइँ लालबालाको
र
समालियाइँ आफू पनि
गाउँ घरूनाको चाला पनि
त्यति निको नाइँ
नअऱ्याइँ उरन्ठ्याउलाको साथ
अरू क्या भनुँ

तो माथि भरोसै छ मेरो
ममाथि भरोसा अर्नु
टालुला भत्क्याको घरको कोणो
हालुला टिनको छानु
टल्कला टलक्कै
गाउँल्याले चिन्याछन्
बुद्याको घरकन

र
भन्याछन् हेर्दौन सुखारी रछ

छ महिना बेस्मारी दुःख अऱ्यापछि
गजक्क धन कमाएँ भन्या
फर्की आइजान्या छु
क्या झर्को मान्निछइ बङ्यि
तेरी सउराईले लयाउन्या छ
म कन डोऱ्याउँदै
आइजान्या छु फर्की
नअर्‍याइ ननिको मन
पाट्ट पिट्ट नलायाई
छ्वाछोरीकन
अरू क्या भनुँ !

भुन्टी बाणी ठूली भैगै
अर्दिनु छ त्यै को ब्या
चोख्याउनु छ नाख कान
बनाउनु छ काँठी मुद्री
होइजाला मनको भन्याँ
काट्याई दुःखसुख
पाल्याई हलको बल्ल
थलाका बगेर्नु
म विदेश बाइजाँदो भएँ
अरू क्या भनुँ !

# हामी नेपाली, के नेपाली



गोपाल पौडेल
सदस्य, नेसास न्युजिल्याण्ड

आफ्नो घर परिवार नभनी
देश र राष्ट्रका निम्ति
गोली थापेर
सिमानामा नागरिक ढल्दा नदुख्ने
हामी नेपाली के नेपाली ?

दिउँसै
हाकाहाकी
सिमाना मिचेर
गाउँ पसी पसी
गाईगोरूलाई जस्तो खेदीखेदी
उसका झण्डा आफ्नो माटोमा गाड्दा
टुलुटुलु हेर्ने
हामी नेपाली के नेपाली ?

विस्तारवादले
आफैँमाथि बुट बजार्दा

नदुख्ने
आफ्नो बिछ्यौना
सारिदिंदा पनि
थाहा नपाउने
हामी नेपाली के नेपाली ?

सेतो हिउँको शीरबन्दी लगाएर
नेपालको सान र पहिचान बोकेर
विस्तारवादसँग नझुकी
हाम्रै गीत गाउँदै गरेको
लिपुलेक, लिम्पियाधुरा
अनि
बिहान बेलुकै
नेपाल र नेपालीको वीरताको
गीत सुनाउँदै
निरन्तर-निरन्तर बगिरहने
कालापानीको मर्म नबुझ्ने
हामी नेपाली के नेपाली ?

साम्राज्यवादलाई परास्त गर्ने
विश्वमा वीर गोर्खालीको
नामले चिनिन्ने
दुनियाँसँग कहिल्यै नझुक्ने
हामी नेपाली
जाबो विस्तारवादसँग डराउँछौँ भने
हामी नेपाली के नेपाली ?

# धनी र गरिब



घनश्याम सापकोटा
हाल: न्युजिल्यान्ड

दुवै मान्छे
काम दुवैले गर्छ
गरीब पेट पाल्न गर्छ
धनी अरू धन जम्मा गर्न गर्छ
दुःखी दुवै छन्
एउटालाई धनको दुःख छ
अर्कोलाई कामको दुःख छ
शान्ति छैन मनमा
गरीब भौतारिन्छन् दिनमा
धनी बेचैन रातमा
नियतिको खेल गजबको छ
गरीब धनले गरीब छ
धनी मनले गरीब छ ।
एक दिन गरीब मन्दिर जान्छ
उस्ले मन्दिरबाहिर भिख मागेको देख्छ

भित्र धनीहरूलाई देख्छ
उनीहरू पनि मागिरहेको देख्छ
फरक यत्ति थियो
बाहिर माग्ने भिखारी हात फैलाएर माग्दैछ
भित्र माग्ने हात जोडेर माग्दैछ
माग्ने त धनी, गरीब अनि भिखारी सबैले रहेछ
बाहिर माग्ने भिखारी भित्र माग्ने धार्मिक हुन्छ ।

# रातै तीज



डा. जया तिवारी
सदस्य, नेसास न्युजिल्यान्ड

रातो चुरा र रातो पोते
अनि रातै सारीमा तिमी
धपक्कै बलेकी छ्यौ नारी
यही सालको तीजमा तिमी

रातो टीका र रातो धागो
अनि रातै पटुकीमा तिमी
बेग्लै चम्केकी छ्यौ नारी
यही सालको तीजमा तिमी

रातो लाली र रातो परेली
अनि रातै सिन्दुरमा तिमी
लपक्कै सजिएकी छ्यौ नारी
यही सालको तीजमा तिमी

रातो पालिस र रातो मेहन्दी
अनि रातै जुत्तीमा तिमी
ढलक्कै ढल्किएकी छ्यौ नारी
यही सालको तीजमा तिमी ।

# हे नारी



डा. जानुका नेपाल पौडेल
काठमाडौँ

हे नारी, संसारमा प्रसिद्ध शप्तशती दुर्गा माताको जस्तै
असीम शक्ति छ तिमीमा
तिनै दुर्गा माताको रूप हौ तिमी दुनियाँको विशाल आशा र
भरोसा छ तिमीमा
समाजमा सत्मार्गको मार्गदर्शक बनेर बाटो देखाएकी छौ
तिमीले
देवतारूपी मानवलाई समेत दुःख दिने महिषासुरजस्ता
राक्षसलाई वध गर्ने तागत छ तिमीमा
यो चराचर जगतलाई सुरक्षा दिन सक्ने महान् शक्तिको रूप
हौ तिमी
स्त्री लुप्त पुरूष शुम्भ-निशुम्भजस्ता पिचासु दैत्यलाई बसमा
पारेर नष्ट गर्न सक्ने शक्ति छ तिमीमा
यो कलियुगमा हिंसात्मक कार्यमा अगाडि बढेर
नारी अस्मिता लुट्न खोज्नेहरूलाई  काली बनेर दोहन गरी
देऊ तिमी

निकाल आफ्नो तागतलाई
दुर्गा माताले जस्तै नष्ट गरिदेऊ चण्डमुण्ड दैत्यको
प्रतिरूपलाई
खोज आफ्नो मनभित्रको सामर्थ्यलाई
तिम्रो रूप र जवानीको आशक्तिमा वरिपरि घुम्ने भमराहरूलाई
ध्वस्त बनाइदेऊ
यो दसैँको पावन अवसरमा आफूलाई
परिवर्तन गर तिमी
अदम्य शक्ति र साहस बोकेर बाहिर निस्क,
अगाडि बढ
शप्तशतीको आशीर्वाद छ तिमीलाई
तृशक्तिको आशीर्वाद छ तिमीलाई ।

# विदेश



जीवन अर्याल
उपाध्याक्ष, सिएनएस न्युजिल्यान्ड

म मेरो अस्तित्वको खोजीमा
यो विरान, पराया, मरूथलमा आफ्नो प्यास बोकेर
सबैको प्यास मेटाउने मुहानको खोजीमा छु
यो अतृप्त यात्रामा, आफ्नो अस्तित्व नै भुलेर
म सधैँ मेरा आफ्नाका लागि अहोरात्र, आफूलाई भुलिरहेछु

के हो विदेश
के हो यो वनबास
राम सीताको कहानी आज कलियुगमा पनि दोहोरिएको छ
हिजो विदेश, विदेश भनेर मरिहत्ते गर्ने मेरी जीवनसाथीले
आफ्नै दाजुको बिहेमा उपस्थित हुन नपाउँदाको विदेश
मेरो बुवाले जीवनको अन्तिम श्वास लिँदै गर्दा
आफ्ना सन्तान अगाडि नभेट्दाको छटपटी हो विदेश
एउटा छोरोले जिन्दगी बेचेर कमाएको निरर्थक धन हो विदेश

म पर्देसिन काठमाडौंको त्यो विमानस्थलमा लाइनमा उभिँदै गर्दा मैले देखेका रामबहादुर, हरिबहादुरले अध्यागमन विभागको फारम भर्न नजान्दाको पीडा हो परदेश
मेरा दाजुभाउजूहरू, वर्षौंदेखि मेरा भतिज-भतिजीको एक नजर का लागि तड्पिँदाको ऐंठन हो परदेश
खल्तीभरि पैसा लिएर भोकै सुत्नु पर्ने कठोर श्राप हो विदेश
रित्तो मन, फिक्का उत्सवहरू, तिक्त यथार्थ र आँशुको सम्मिश्रण हो विदेश ।

# आँसु



टीका रेग्मी
सदस्य, नेसास न्युजिल्यान्ड

थाहै नभई आँखाबाट आँसु झरेछन्
मुखमा नुनिलो स्वाद परेपछि झस्किएँ !
आजकल किन हो, छिट्टै रून आउँछ
सामान्य कुराले पनि मनमा तरङ्ग ल्याउँछ
भनिन्छ बोल्न नसकेको कुरा आँसुले व्यक्त गर्छ
दर्द र पीडालाई थोपाबाट बगाउँदै पीर घटाउँछ
अचम्म लाग्छ, दुःखमा अनि खुसीमा पनि
आँसु बगिदिन्छ बनी पानी पानी
सायद फरक यही होला
दुःखको आँसु अलिक पोल्छ
खुसीको आँसुले शितलता दिन्छ

आखिर किन आउँछ आँसु ?
के यो उपचारको एउटा उपाय हो ?
कि निकम्मा दुर्वलताको संकेत हो ?
आँसु विगत हो कि भविष्यमा केही हुने संकेत ?

म आफैँ परेँ असमन्जसमा
के रूनु दुर्बलताको संकेत हो त ?
नितान्त गलत
चार्ल्स डिकन्स भन्छन्-
रूनुअघि भन्दा रोएपछि म दरिलो भएको छु
फोहोर भएपछि बढार्न बाढी चाहिन्छ
मनको फोहोर बढार्न पनि सायद आँसु चाहिन्छ
आँसु पीडा मात्र होइन
यो त दुखाइको उपचार पनि हो

रजनीश ओशो भन्छन्-
जब हाम्रो हृदय जम्छ
तब आँसुले यसलाई पगाल्न थाल्छ
नत्र हृदय कहाँ चल्छ ?

डेल इ. टर्नर भन्छन्-
आँसु हाम्रो मुटुको सेफ्टी भल्व हो
जब धेरै दबाब पर्छ, भल्व खोलिन्छ
र दबाब बग्छ र मन हलुङ्गो हुन्छ

आँसु दुःख र सुख दुवैमा बग्ने रहेछ
आँसुले दुर्बल हैन मजबुत बनाउँदो रहेछ
हृदयमा थुप्रिएका फोहोर पखाल्दो रहेछ
तनावलाई बग्न दिने हृदयको सेफ्टी भल्व रहेछ
आँसु त शक्ति रहेछ
धन्य - आँसु !

# तिम्रो सहर छाडेँ



दुर्गा भवानी (कञ्चन) भट्ट
हालः पपुवा न्युगिनी

तिम्रो सहर छाडेर गाउँतिर पसेकी छु
घरैघरको जंगललाई आज टाढा पारेकी छु

सपनाको सहर भन्थे साँच्चै सपनाकै व्यापार हुने रहेछ
गाउँमा त विपनामा माया फुल्दोरहेछ

आफन्त र आमा-बाबा नचिन्दोरहेछ सहरले
तर सबै चिनापर्ची गराइदियो गाउँका पहराले

लिनसम्म लियो हजुर रहरको सहरले
दिनसम्म दियो मलाई त्यही गाउँको कहरले

रहर र कहरका परिभाषा भिन्नभिन्न
तिम्रो सहर सम्झँदा त आज मलाई हुन्छ खिन्न

आफैँलाई बिर्साइदिने कस्तो निर्माण भयो सहर
योजनाका खाडल रहेछन् सहरका विशाल महल

त्यसैले त आज हजुर गाउँतिर पसेकी छु
सानो खरको झुपडीमा चोखो माया गाँसेकी छु ।

# फुटेर हैन साथी हो



डा. दिवाकर भुजेल
हाल: न्युजिल्यान्ड

फुटेर हैन साथी हो जुटेर लाग पन्थमा
शुरू र बीच हो कठिन हुँदैछ जीत अन्तमा
लिएर उच्च भावना बढाऊ हात कर्मणी
अडिग एक लक्ष्यमा उठाउ पाउ अग्रणी

चराचरै मनुष्यको समुच्च हित माथमा
वनस्पति र विश्वको लिएर दीर्घ सोचमा
छरेर हेर सिर्जना उठेर फुल्छ रङ्गमा
बढेर राख एक् कदम् चुलिन्छ नयाँ ढङ्गमा

लिएर बोट हातमा थपेर प्रेम साथमा
गढेर जो हुनेछ एक प्रफुल्ल धर्ति गाथमा
बसेर साँझ वा दिनै अडेर लिई श्वासमा
अहो भनून् मनुष्य ती बसेर जन्म जन्ममा

छ मूल भाव प्रेमका अमूल्य सिर्जना कवि
रचेर काव्य रूपमा बसेछ जो मीठा दबी
बचाई बाँच्नु पो जीवन, खुवाई खानु पो जीवन
मिलेर सँग प्रिय भै हँसाई बाँच्नु पो जीवन !

# आमा



धर्म पौडेल
सदस्य, नेसास न्युजिल्यान्ड

मेरो पहिलो प्रेम मेरो सुखको साथी दु:खको साहस
मेरो पहिलो प्रश्नको उत्तर मेरो पहिलो डाक्टर
अनि मेरो पहिलो गुरू मेरी आमा
आमा तिमी बिनाका हरेक दिन कर्कस लाग्छ
तिम्रो अभावका हरेक सपना कटाक्ष लाग्छ
तिम्रो छहारी बिनाका यी धापिला दिनहरू उजाड उदास
लाग्छ
मध्यरातमा कहिलेकाहीँ आकास हेर्दै पागलसरी चिच्याउँ
जस्तो लाग्छ
तिम्रो ममतामा मुस्काएका मुस्कान खोज्न कहाँ जाउँ म
तिम्रो जस्तै निस्वार्थ अनि स्नेही भावले बाबु भनी बोलाएको
आवाज सुन्न कहाँ जाउँ म ?
आमा तिम्रा यादहरू मलाई भेट्न त भेटेर जान्छन्
तर ती यादहरू केवल याद मात्र हुन्, झनै मुटु रेटेर

जान्छन्
थाहा छ मलाई पनि जन्मपछि एक दिन जानु छ सबैले यो संसार छोडी
तर हरेक परिस्थितिको समय हुन्छ किन लान्छ दैव
आमालाई बचेरा टुहुरो पारी
भगवान् तिमीसँग गुनासो अनि बिन्ती छ मेरो
आमा बिनाको कुनै घर नहोस्
अनि कुनै आमा बेघर नहोस् ।

# तिमी आयौ



नारद कुँवर
हालः न्युजिल्यान्ड

आउँछ्यौ रे भनेको सुनेँ
खुसीको सीमा रहेन
धर्तिमा टेकेको छु कि आकाशमा उडेको थाहै भएन
आखिर आयौ, आउँदै गरेको देखेँ तिमीलाई टाढा-टाढाबाट
तिमीलाई अँगालोभरि लिन हातहरू फैलाएँ मायाको माला लिएर
आँखाले आँखासँग कुरा गरे, मायाको सञ्चार भयो
टक्क रोकिए तिम्रा कदमहरू, छोपिए तिम्रा आँखाहरू
लज्जावति झार जस्तै लजायौ तिमी
छिनभरमै तिमी टाढिएको देख्छु
प्रथम भेटको अप्ठेरोले हो कि
सामाजिक आँखाको त्रासले हो
या लज्जालु स्वभावले, आँखा र सत्यताबीच तालमेल नभए जस्तो लाग्छ

उनका पदचापहरू खोज्दै पछि लाग्छ

भेट्टाउन मात्र उनलाई के खोज्छु
छिनभरमै उनी स्वर्ग कि परी जस्तै उड्न थाल्छिन्
उनको मायाको आकर्षणले गुरूत्व बललाई जित्दै
म पनि उनीसँगै उड्न थाल्छु

घरि बादलभित्र त घरि बाहिर अनि सेरोफेरो
रोमाञ्चित लुकामारी खेल हुन्छ उनको र मेरो
सप्तरंगी इन्द्रेणीले वायुमण्डललाई अँगालो मारी
पृथ्वीको क्षितिजलाई चुमेजस्तै
उनले फिँजाएका केशले मेरो अनुहार सुम्सुम्याउँछ
आनन्दले उनको केशमा एक क्षण लटपटिँदा लटपटिँदै
घाम लाग्छ
इन्द्रेणी बिलाउँछ, ओजन हट्छ

केवल खेल्दै मडारिँदै दुई आत्माहरू एक हुन्छन्
माथिमाथि तानिन्छन्
तिमी भन्नु म
म भन्नु तिमी
जहाँ न बादल छ, न हावा
न गुरूत्व छ, न छायाँ
न छ सामाजिक आँखा
जतातत‍ै तिमी, जतातत‍ै म
आनन्दको क्षण र एउटै हुँदाको स्थिति
तिमी आयौ र पो भयो यो अनुभूति ।

# सम्झिरहेछु लक्ष्मी तिमीलाई



डा. नारायणी तिवारी
हालः न्युजिल्यान्ड

म सम्झिरहेछु लक्ष्मी तिमीलाई
दूरदूर समुद्रको छालसँगै बसी यहाँ तिमीलाई
शाकुन्तल महाकाव्य र मुनामदनको धनलाई
गुनगुनाउँदै, रमाउँदै सम्झिरहेछु लक्ष्मी तिमीलाई

तिम्रो अपरम्पार नाम अर्को लक्ष्मी टिप्न हामी यहाँ
लहरा, पहरा, देश, भेष, गाउँ, बाटा छाडी रहेछौँ यहाँ
ती पाखा पखेरा मनोरम हिमाल लक्ष्मी बटुल्नेहरू
पढेको भए हुनेथियो कि मुनामदनका जिन्दगी बरू

म सम्झिरहेछु लक्ष्मी तिमीलाई
साथमा
मोटर, गाडी, प्लेन तथा भव्य भवनहरूलाई
मेट्दै यी भोक प्यास द्वेष र रागसँग साहित्य र कवितालाई
तिम्रो नाम काफी छ ल सम्झनलाई
बिहान बेलुकाको छाक टार्नलाई

आफैँसँग गुड्ने गाडीको पेट्रोल भर्नलाई
सुपर मार्केटको काउन्टर छिर्नलाई
बाल बच्चाको स्कुल फि तिर्नलाई मात्र के हो र ?
महिना महिनामा आउने कागजी बिल तिर्नलाई
म सम्झिरहेछु लक्ष्मी तिमीलाई

खै त हामीले साग र सिस्नु सम्झेको
सुरो, जलुको, काप्रो, कोइरालो र सिम्लिधान टिपेको
आज हामी लक्ष्मी टिपिरहेछौ यतातिर
हाम्रा वा आमा रित्ता घर कुरिरहेछन् त्यतातिर

खै त कहाँ आए आफन्त भेट्ने दिन
एकपछि अर्को कुरामा जहिले पछाडि झन्
नाम बदल्दै बदल्दै देश र भेष फेर्दै
व्यापकतामा छरिएको नयाँ रोगको नाममा दुनियाँ बेहोर्दै
नयाँ नयाँ रोजाइ र भोगाइ हाम्रा अगाडि छन्
भ्याक्सिनको कुराइमा आफन्त भेट्ने दिन सधैँ पछाडि छन्

लक्ष्मीप्रसाद देवकोटा जी ? लक्ष्मी ?
तिम्रो भोगाइ र हाम्रो भोगाइमा के फरक आज
तिम्रो उतिबेलाको मुनामदन नै छ ताजा
हातका मैला सुनका थैला के गर्नु धनले
साग र सिस्नु खाएको बेस आनन्दी मनले
प्यारा आनन्दी मनले ।

# वृद्धावस्था

(छन्दः भुजंगप्रयात)



प्रा. पीताम्बर शर्मा दाहाल
हालः संयुक्त राज्य अमेरिका

गयो आयु धेरै र टुंगिन्छ कैले
अझै तिर्सना तम्सिएको छ ऐले
न बोलौं भने बोल्नको चाहना छ
न खोलौँ, कसोरी मनोभावना छ

नबोलौं कि बोलौं कुरा पेटमा छन्
सुनुन् मित्रले नै हुँदा भेटमा झन्
भनेरै कुरा भन्न तृष्णा लिने हो
व्यथा गन्थने सुन्नको तम्सिने हो

डुलौं देश देशान्तरैको विशेष
अवस्था बुझौँ चाल कस्तो छ के छ
सबै योजना, कल्पना गै गएछन्
जवानीसँगै स्वप्नझैँ भै गएछन्

छसक्कै कसैले छुँदा मात्र अंग अंग
चसक्कै गरी दुख्छ पारी तरंग
निकै निम्छरो देह बन्दै गएछ
जरा-बाल एउटै अवस्था रहेछ

नसुन्ने भए कान मीठा निनाद
र निन्दा प्रशंसा हराए विवाद
प्रशंसा मिले मिल्छ उत्साह राम्रो
र निन्दा हुँदा द्वेष बढ्ने नराम्रो

नदेख्ने भए नेत्र शृंगार हार
उही रूप झल्को हुने बारबार
निसर्गी छ आँखा भने रम्य दृश्य
संगै खेल्दछन् कल्पना है अवश्य

गयो दृष्टि आँखा भएछन् मलीन
कठै भै गयो देह सामर्थ्य हीन
थिए केशकाला भए शुभ्रवाला
मुजा चाउरी देखिए पुष्ट गाला

गले हात गोडा र आलस्य छायो
बिताए दिवा रात निद्रा हरायो
चली श्वास चाँडो फुटी जान्छ छाती
सरी चल्छ, बुक्का बनेझैं खलाँती

वुभुक्षा छ खाना भने पथ्य हुन्न
भनौँ के गरी यो व्यथा कथ्य हुन्न
नखाई हुँदै हुन्न खाँदा सुपाच्य
हुँदै हुन्न चिल्लो मसाला र आज्य

कुरा कुरा वृद्धका सुन्छ कल्ले गुनासे
नयाँ केही हुन्न उही एकनासे
झिँजो लाग्छ सुन्नेहरूलाई फुङ्गो
र बोल्नेहरूलाई बन्ने हलुङ्गो

नबोल्दा मनोहाल बिग्रन्छ साह्रो
कुरा गुम्सिदा झन् व्यथा बन्छ गाह्रो
न नाता न आफ्ना कठै के विचित्र
कुरा सुन्छ जल्ले उही इष्ट मित्र

इनामेल गै गो तथा दन्त कान्ती
हरायो खिए यी सबै दन्त पंक्ति
सबै दाँत दुख्छन् चपाउँ कसोरी
बितेको जवानी म पाउँ कसोरी

थिए मित्र मौरी सरी फूलमा झैँ
हराए नि बाटो छुटी वन्यमा झैँ
सधैँ शक्तिकै साथ लाग्ने समाज
हुँदा एक्लो वृद्धले ठान्छ आज

न आँखा रहे तेजिला देख्न सक्ने
न छन् कान तीखा कुरा सुन्न सक्ने
न यात्रा कतैको सहारा बिनाको
हुने व्यर्थ भो यो शरीरी हुनाको

निकै पातलो भै दिएको छाला
सकेसम्म तातो नपाई परेला
न लाग्ने हुनाले अँगेना र पाखी
न छोड्नु गुडुल्की दुवै हात काखी
घुसारेर जाडो हरे कट्छ राती

तनू हाल यस्तो हुँदा चित्त अर्को
भरी वासनाको छ तारूण्य लर्को
सवै अङ्ग शैथिल्य नशा दुरूस्त
सदा वासनामा हुने नाक चुस्त ।

# चिन्ताको सपना



बलराम खनाल
हाल: न्युजिल्यान्ड

आज एउटा सपना देखेँ विपनाको
त्यो भिड, समाज र भविष्य
मेरो मुटु गर्जिन्छ, भुक भुक गर्छ
हतासिन्छ, तँछाड-मछाड गर्दै जन्तुजस्तो मानिस
खै के बुझ्छ, खै के ?
घर, म पराई, पराई घर, लडाईं
तिमी मेरो, म उस्को अनि ऊ तिम्रो
अचम्मको नारा दिन्छ
देश छ खै कता छ ? तर मुर्दा र जिन्दाको कुरा छ
तँ कम, म के कम
तँ अगाडि, म पछाडि किन ?
देश रून्छ यी सन्तानलाई देख्दा
अचम्म छ विकास गर्ने गोरेटोमा रगत बग्दा
विवश छिन् आमा, को कस्लाई सम्झाउने
भेडा बाख्राहरूलाई कस्ले बुझाउने

गाई, गोरू, बाख्रा भेडाहरूका जुलुस
हरिखोर भन्दै दौडन्छ
लगाम लगाए बाँधिन्छ
कुनै पनि बजारमा बिक्छ, बिकाइन्छ
भाउ बढेको बढ्यै छ
मौसमी आँधी, बिना मौसमको
बिग्रेको बाटो रोज्छ अनि त्यहीँ कुद्छ
अचम्म छ यो भय देख्दा
हेपिएको छ मेरो धर्ती, देश आफ्नै सन्तानबाट
आफैँमा सौतेलो महसुस गर्छ
आफैँमा लोभाउँछ
आफैँमा लूट र छुटको ग्यारेन्टी गर्छ
सपनामा रमाउँछ, विपनामा भासिन्छ
कस्तो सपना देखेछ आज
म हरेको हेर्‍यै छु विवश भएर यो सपनासँग ।

# सांसारिक मोह



बबिन घिमिरे
हालः न्युजिल्यान्ड

भुलेर सारा सांसांरक मोह
अगाडि बढ्ने सोचमा छु आमा
हुन त देशमा हुनपर्ने
यो परदेशको खोचमा छु आमा

लडेर उठेकोलाई सोध
पीडाको मजा के ?
हारेर जितेको मलाई सोध
जित्नुको मजा के ?

चरक–चरक चर्कने
यो टाउको मूल्य के ?
हराउँदै गएको मेरो अस्तित्व
जीवनको सार के ?

नयाँ छ ठाउँ यो
नयाँ नै छ सपना
पसलमा किन्न पाउँछ र खुसी ?
खुसी चैं के ?

यसो सोच्छु
न सक्छ यो डलरले खुसी दिन आमा
न नै सक्छ यो डलरले मन चित्त बुझाउन
हिजो तेरो थियो आज हेर मेरो छ
अवस्य भोलि कसैको हो

तर फेरि
कोसिस गर्दागर्दै बाटो मोडिएर
डराएछु कि आमा
देश फर्कन्छु फर्कन्छु भन्दाभन्दै
यतै हराएछु कि आमा !

# रूख



बाबुराजा महर्जन
सल्लाहकार, नेसास न्युजिल्यान्ड

तिमी हिँडडुल गर्न असमर्थ छौ
र पनि
सयौं प्रणीहरूलाई छहारी दिन्छौ कयौं चराहरूलाई बास
दिन्छौ
कति जीवले तिम्रो शरीरमा
फोहर फाल्छन्
कतिले घाउ पार्छन्
तिमी शान्त छौ
बिना भेदभाव फलफूल दिन्छौ
झरीको बेला ओत दिन्छौ
कठै !!
विवेकशील भनिने मानवले
आफूलाई कष्ट पुऱ्याउनेलाई
क्षमा दिन जानेको भए
बिना पक्षपात सेवा दिन सके
उन्माद हराउने थिए !
क्लेश र घमण्डले मुक्ति पाउने थिए !!

# छोरो बिरामी हुँदा

छन्दः शार्दूलविक्रीडित



बिन्दा पराजुली बराल
काठमाडौँ

खेल्यो भित्र अनेक भाव मनमा, छल्केर छालैसरि
बर्स्यो आँसु झरीसमान चुलियो, चिन्ता पहाडैसरि
लाने हो अब लौ कहाँ र कसरी, भन्दै दुखाई मन
छोराको उपचारमा खटिरहेका, भोग्दै निकै दुर्दिन ।१।

देख्दा जीवन कष्टमा तनयको, छाती भयो चर्चरी
साँच्चै हे ! भगवान् गर्यो किन यसो, गल्ती गरेँ के गरी ?
तिम्रो हार्दिकसाथ पाउ म परेँ, बिन्ती बिसाइकन
मेरो प्राण समान पुत्र ठीक होस्, देऊ भलो जीवन ।२।

सारा डाक्टरले परीक्षण गरे निर्क्योल के हो हरि
चिन्ताले मन खिन्न नित्य हुन गो घट्ला व्यथा के गरी ?
हप्ता बित्न गई व्यथा नचिनिदा, भो तीव्र अप्रेसन
चाँडै हुन्छ बिसेक बात सुनियो पायौ नि आश्वासन ।३।

थोपा स्लाइनका झरे सँगसँगै गन्दै गरैँ कामना
होओस् रोग निदान जादुसरि नै उठ्दा उषःकालमा
झुल्के घामसँगै हटून् भय व्यथा रक्षा गरी प्राणको
मेरो यो परिवारमा सुख रहोस् बाढी बगोस् हर्षको ।४।

सारा जीवन त्यागियो सकसमा सन्तानको खातिर
बन्दा विह्वल भावभित्र मनका यी पोखिए आखिर
आफ्ना भन्नु विशेष सन्तति त हुन् हुन् जिन्दगीका भर
यी सन्तान फुलेर फक्रिन गई हून् ख्यातिमा उज्जर ।५।

प्यारो बाबु तिमी सुस्वास्थ्य रहनू दीर्घायु होस् सर्वदा
आशीर्वाद मिलोस् नमो पशुपते संकष्ट जाऊन् सदा
हून् निर्मल विषाक्त रोग तनका यै कामना नै गरुँ
तिम्रो स्वास्थ्य दुरूस्त भैदिन सकोस् चाहन्न केही अरु ।६।

# खोला- मेरी आमा



बिपिन्द्र कोइराला
महासचिव, नेसास न्युजिल्यान्ड

तिम्रो प्रतिरूप देख्छु
सङ्लो पानी, उतारचढावले भिजेका किनार एउटै लाग्छ
कहिले भिजेको कहिले ओभाएको खोली किनार-
तिम्रै नयनका किनारजस्तै !

फरक छैन बगेको त्यो निश्चल पानी
रोएको तिम्रो त्यो निष्पक्ष नयन
सन्तुष्टि के हो ? थाहा नहुँदा
झनै मिठास बढछ् चाहनाको !

चाहनाको एउटा अर्थ - तिम्रो प्राप्ति
प्रयास गर - हिम्मत राख
हिउँदमा सबै खोलाहरू सुक्दैनन्
यसको अर्थ-
जिन्दगी दुःख बिनाको यात्रा पटक्कै होइन !!

जीवन नदी- यात्रा पानी
तिर्खा पनि मेट्न सक्छौ
शितल सम्वेग पनि लिन सक्छौ
तिमीलाई कतै फोहोरको आभास भए
पखालिन पनि सक्छौ !
यो खोला यो जीवन
फरक गीत फरक संगीत एउटै लय !!

दुई किनार-समान छाल
भेट्न पनि नसकिने, छुट्टिंदा पनि नछुट्टिने
त्यो अमृत बहाव- मेरो भावनाजस्तै सङ्लो खोला !

सुन्दर, अनुपम, निर्दोष, स्वच्छ, ताजा सिरानीमा अडिन
नसक्ने
ओछ्यानलाई पछ्याउँदै
बार्दलीबाट हाम्फाल्दै
कहिले अग्ला–अग्ला बादलको छायाँलाई दण्डवत् गर्दै
कहिले शालिन पारामा
कहिले उग्र पारामा
आफ्नो मैलो पर राखेर- सबैको पाप पखाल्ने
अनि बुर्कुसी मार्ने आफ्नै पारा !
ओसिलो अमृत फाँट भिजाएर बग्ने
खोला अनि तिमी एउटै लाग्छ-
मेरी आमा !

# नारीहिंसा

शार्दूलविक्रीडित छन्द



भगवती बस्नेत
काठमाडौं

नारीका अधिकार रक्षण गरौं नारी बनून् आँटिला
नारी हुन् हृदयेश्वरी भगवती सद्भावले निर्मला
नारीका ममता बुझौं सुमनले मानेर यी निश्छला
नारीमा गुण छन् अतीव रसिला संसार धान्ने कला

हिंसाबाट सताइएर महिला बन्छन् बरा निर्बला
भोगी दुर्जन दुष्टले दु:ख दिई मारे कठै कोपिला
अत्याचार बढी असंख्य महिला ज्यादै बने विह्वला
दासी बन्नु परेर तुच्छ जनको नारी भए दुर्बला

नारी औ नरमा विभेद सकिऊन् बाँचून् मिलाई दिल
शिक्षा औ सुविधा समान हक हून् नारी नभोगून् छल
एकै उच्च विचार झाँगिन सकी यो विश्व होस् निर्मल
हिंसाले महिला दु:खी अब नहुन् ब्रह्माण्ड होस् उज्ज्वल

नारीका महिमा र इज्जत बढून् नारी बनून् चम्किला
हून् निर्धक्क डराउने अब नभै नारी खुलाऊन् गला
साझा हो पृथिवी बुझेर जनले सद्भाव पारून् खुला
अत्याचार हटाउने प्रण गरी मान्छे सबै हौं भला

नारी जागृत भै खुलून् अनि फुलून् सौभाग्यमाला ऊनून्
पारी उच्च विचार कर्मठ बनी उत्कृष्ट बाटो चुनून्
मारी दण्ड दिएर राक्षसहरू उम्दा भरोसा दिऊन्
टारी संकट विश्वका सहजले देवी दयालु बनून्

आमा औ गृहिणी भएर महिला त्यागी भई बाँच्दछन्
आशा सुन्दरता भरेर दिलले सद्भावना गाँस्दछन्
आफ्ना संस्कृति सभ्यता सुख दिने श्रद्धा गरी साँच्दछन्
आस्था सज्जनका लिएर गतिला आनन्दले बाँड्दछन्

नारी हुन् जगका अनन्य रचना श्रीकृष्णजी मान्दछन्
हाम्रा वेदपुराणले दिलधनी नारी भनी ठान्दछन्
हिंसा दुर्व्यवहारबाट महिला दुक्खी र निर्धा नहून्
नारीका सुकिला सुरम्य सपना प्रज्ञा-प्रतिष्ठा उठून् ।


# पीडा



डा. भोला प्रधान
सल्लाहकार, नेसास न्युजिल्यान्ड

भाई बहिनी सँगको बिछोडको पीडा
पाकेको पुरानो घाउजस्तो
अझै पनि बेलाबेला मन मस्तिष्कमा आउने गर्छ
आफ्ना बालबच्चाहरूसँग टाढिएर
एक मात्र फोटोको सहारामा
रात काट्न परेको पीडा
आज पनि रात विरात झस्काउन आउँछ
हिजो आज
एक दिन नाती नातिनीहरूलाई नभेट्दा
एक दिन अँगालोमा बाँधी
मेरो छातीको न्यानोमा समेटेर
फुलिसकेका जुँघाले कलिलो गालामा नबिझ्नेगरी
चुम्बनका बौछार नगरूञ्जेल
मैले के-के बिराएजस्तो लाग्छ
मलाई संसार हराएजस्तो लाग्छ ।

# हमारी प्यारी माँ



मंजु बोथरा
हालः न्युजिल्यान्ड

बात उन दिना कि हैं, आज के ये आधुनिक सुविधा न थी
तब सारा व्यवहार चिठ्ठी और तार, टेलिग्राम सुँ हुआ करती

चिठ्ठी काई थी, माया, ममता, स्नेह और प्यारको
जिन्दो जगतो निमन्त्रणा हो सन्देश हो, पुकार हो

माँ कि चिठ्ठी आई है, हात सु लिखा आशीर्वाद
रूलाने के खातिर एक वाक्य ही काफी कोनि हा

बतायो ये आधुनिक युगका टावरीया
ये आँशु बहाकर सगुन मिलतो कि कोनी
नौ महिना पेट मे पालने को कर्ज है
माँ तो माँ है

सपने मे आइ माँ कि नमी आँखे बिलकती भाव

क्या ये रोने खातिर कम कोनी
माँ पैसा जितो बोलो भेजदु वृद्ध आश्रम में रह्यो
अठे कुन सेवा करसी पेसा और आधुनिक जिन्दगीको दौड
है अढो

माँ थानें म्हारो सु ज्यादा प्यार और समय में कंथा मिलसी
सपने में आई माँ कि नमी आखें बिलकती भाव रोने के लिए
काफी कोनी, माँ तो माँ है ।

# अहो, सपना पो रहेछ !



डा. रमिल अधिकारी
हाल: न्युजिल्यान्ड

तिम्रा मीठा बोलीमा मग्न थिएँ
तिम्रा स्पर्श भाकामा लग्न थिएँ
भनौँ
भनौँ
अप्सराको देशमा डुलिरहेको थिएँ
मस्त मग्न स्वप्नमा झुलिरहेको थिएँ
आँखीझ्यालबाट पनि बाछिटो पस्यो
अनि झसङ्ग भएँ
अहो, सपना पो रहेछ !

तिम्रा लोभालु हाँसोमा मुस्कुराइरहेको थिएँ
तिम्रा बादलु केशहरूमा अल्झिरहेको थिएँ
भनौँ
भनौँ
तिम्रा भावनामा लोतप्रोत थिए
तिम्रा स्नेहमा ओतप्रोत थिए

गगन गर्जियो
अनि झसङ्ग भएँ
अहो, सपना पो रहेछ !

तिम्रा कोमल नयनमा हराइरहेको थिएँ
तिम्रा ढुकढुकीमा धड्किरहेको थिएँ
भनौं
भनौं
तिम्रा सुन्दरताका रोशनीमा चम्किरहेको थिएँ
तिम्रा हरेक पाइलाका साथ लम्किरहेको थिएँ
असिना बर्सियो
अनि झसङ्ग भएँ
अहो, सपना पो रहेछ !

तिम्रा खुसीहरूमा गदगदाइरहेको थिएँ
तिम्रा स्पर्शमा बेहोसिरहेको थिएँ
भनौं
भनौं
तिम्रा अकांक्षामा डुबिरहेको थिएँ
तिम्रा जवानीमा ढल्किरहेको थिएँ
बाढी आयो अनि म झसङ्ग भएँ
अहो, सपना पो रहेछ !

तिम्रा रंगमा रमाइरहेको थिएँ

तिम्रा हेराइमा हराइरहेको थिएँ
भनौं
भनौं
तिम्रा अँगालोमा झुनझुनाइरहेको थिएँ
तिम्रा गजल गुनगुनाइरहेको थिएँ
आँधिहुरी आयो
अनि झसङ्ग भएँ
अहो, सपना पो रहेछ !
अहो, सपना पो रहेछ !

# परदेशबाट



राजन बस्नेत
अक्ल्यान्ड, न्युजिल्यान्ड

समुद्रमा तैरँदै गर्दा प्यास लाग्दा
मुलबारीको मुल सम्झियो
पोहोर बिते बाबुआमा
आज उसले आफ्नो भूल सम्झियो

ढिँडो गुन्द्रुक फालाफाल नै थ्यो
नून रोटी नपाउँदा बनको कन्दमूल सम्झियो
अरूलाई त खुवाएकै हो
आज आफैं भोकै बस्दा जिन्दगीको वसुल सम्झियो

क्षितिज भरी भरी बालुवा देख्दा
फूलबारीको फूल सम्झियो
आजै मर्छु कि भन्ने लाग्दा
पहिलो पल्ट आफ्नो कुल सम्झियो

उराठ्लाग्दो टन्टलापुर मरूभूमि देख्दा
बारीको त्यो धूल सम्झियो
एक्लै तड्पी बस्नुपर्दा
गाउँका दौंतरीका हुल सम्झियो

गाउँमै कुटो कोदालो गर भन्दा
ठाउँ प्रतिकूल सम्झियो
खानु, छानु, जानु, लानुको पीडा सम्झँदा
आज उसले शूल सम्झियो

धेरैपल्ट फर्कँ भनी सोच्छ
जहानलाई दिएको खुसीको कबुल सम्झियो
स्थितिको प्रत्यक्ष साक्षात्कार भइरहँदा
म्यानपावरले दिएको आश्वासनको पुल सम्झियो ।

# नारी



राजेन्द्र पाण्डे
हालः न्युजिल्यान्ड

म नारी भएरै हो कि मनकारी भएर हो
यो हिंसा हरेक दिन रूप फेरेर आउँछ
मलाई टोक्न पटक पटक मुख बेरेर आउँछ
यो हिंसा हरेक दिन रूप फेरेर आउँछ

कहिलेकाहीँ यो हिंसा आकाशको पानी बनेर आउँछ
त्यो पानी न घाँटी भिजाउन दिन्छ
न दोष, न दाग पखाल्न दिन्छ
आखिर हिंसा न हो, केवल सिउँदोको सिन्दूर पखालेर लान्छ
यो हिंसा हरेक दिन रूप फेरेर आउँछ

कहिलेकाहीँ यो हिंसा हुरी बनेर आउँछ
न अल्झिएको माला सुल्झाएर जान्छ
न हिंड्ने बाटो बढारेर लान्छ
आखिर हिंसा न हो, सब चिज जहाँको त्यहीँ

केवल मेरो सपना उडाएर लान्छ
यो हिंसा हरेक दिन रूप फेरेर आउँछ

कहिलेकाहीँ यो हिंसा पुरूष बनेर आउँछ
मसँगै पैसा माग्छ र मलाई नै किन्न खोज्छ
मैले बनाएको पुरूष, मलाई नै टेकेर हिँड्न खोज्छ
आखिर हिंसा न हो, समानताको अर्थ थाहा छ, तर पनि
आफूलाई अरूभन्दा भिन्न खोज्छ

मेरो रगत हुर्कियो, मैले संसार बनाएँ
मायाले मात्रै कहाँ हुन्थ्यो, शरीर निचोरेर अमृत खन्याएँ
आफैँले बनाएका मनहरूबीच पनि आफैँलाई डराएको देख्छु
वरिपरि बाघहरू छन् तर पनि त्यो सानो डमरु
डरले कराएको देख्छु ।

# पोस्ट मोर्डन सिनेमा



राधिका कल्पित
काठमाडौँ

डिजिटल पर्दामा थ्रिडी चस्मा लगाएर
पोस्टमोर्डन मेलोड्रामा हेर्न
सिनेमा घरमा छु
पोस्टमोर्डन समाजको पटाङ्गिनीमा
परिवार नामक संस्था
मान्छेका निधार नियाल्दै
धुलौटोमा जोखाना हेर्न बसेको पाखण्डी पण्डित
जस्तो देखिन्छ
विवाह अड्डा
सरकारी उद्योगहरूजस्तै टाट पल्टेर लिलाममा राखिएको छ
लमी, पण्डित र म्याचिङ सेन्टरहरू
कोभिडकालका नाटक घरहरूजस्तै छन्
सिलिकन टोयज बिक्री केन्द्रमा तँछाडमछाड छ
औँलाको टुप्पोमा केन्द्रित सञ्चारले सिङ्गो विश्व
काठमाडौँका मूल-सडकपेटीमा गुजिल्टो परेको

तारैतारको विद्रुप पिण्डमा परिणत भएको छ
हेर्दा मान्छेकै प्रजाति जस्ता लाग्ने
गर्दन कुप्रो परेका प्रविधिका घुनहरू
इलेक्ट्रोनिक ग्याजेटले थिचिएर
चामलमा चिलेसाजस्ता चिप्सभित्र डल्ला परेर बसेका छन्
सहरका पाटी-पौवा र फलैँचाहरू
मल, नल र तलतल बिस्टाउने डम्पिङ साइट भएका छन्
क्याबिन रेस्ट्रो, क्लब र ब्लाइन्ड डेट साइटहरूमा
हाटबजारे घुइँचो छ
श्रमिकहरू यन्त्रमानवको श्रम-अतिक्रमणले विस्थापित भएर
चोक-चोकमा पब्जी खेलिरहेछन्
मान्छे र मेसिनको कृत्रिम गर्भाधानबाट जन्माइएका
बोइलर युटुबेपुस्ता
कर्णालीबाट काठमाडौँ बसाइँ सरेजस्तै
मङ्गलग्रहका लागि भिसा कुरिरहेका छन्
हजुरबा पुस्तालाई एलियनझैँ गरी हेर्छ नाति पुस्ताले
बाको पुर्ख्यौली थलोलाई
अंग्रेजी सिरिजको आदिम नगरझैँ ठान्छ
एक्काइसौँ शताब्दीका सन्तानले
म बीसौँ शताब्दीको पुरातन मान्छे
सिनेमाका दृश्यले अतासिएर असिनपसिन भई
हल बाहिर निस्कन्छु
र सन्तोषको सास फेर्छु ।

*(विमल स्मृति पुस्तकालय प्रतिष्ठानमा तृतीय पुरस्कार प्राप्त।)*

# जिन्दगीको स्वर्ण ट्रफी



रुपा थापा
विदुर, नुवाकोट

फुटबलका मैदानलाई
आफू अनुकूल बनाएर
तिमीहरूले सक्दैनौ भन्नेसँग
यति त हामीले भनेकै हौ
मैदान हामी अनुकूल बनाएर देखाऊ
त्यसपछि हेर्नु
जिन्दगीका मैदानमा
हामीले रच्ने इतिहासलाई
र हामीले जिन्दगीका गोल पोस्टमा गर्ने
ती उत्कृष्ट गोलहरूलाई

तिमीलाई थाहा छ
जिन्दगीको मैदानमा
नआउनु आइसकेपछि
कि त लडाईं जितिन्छ

कि त सहिद नै बनिन्छ
तर पिठ्यूँ फर्काएर
अन्तिम नतिजा नआउँदै
हार भने कदापि स्वीकार्दैन
एउटा जन्मजात योद्धाले

ती कुटिल हाँसोहरूको जवाफ
र तिमी अनुकूल बनाएको पोखरीमा
पौडिएर तिमीले जितेका स्वर्णसँग
म सिक्दैछु पौडन
र एक दिन तिमीलाई देखाउनु छ
पौडिबाजका उत्कृष्ट कला
जिन्दगीका विशाल समुद्रमा पौडिएर

शरीरको विज्ञान र
विज्ञानको बहसबाट पर
वचनका बाणले घायल भएका
ती कलिला मुटु
जति ती तिखा वाणले पोल्छन् नि
कसम कत्ति पनि पोल्दैन मलाई
ती सहायक सामग्रीले दिने चोटले

यही मैदानमा हरेक पल
भेट भै रहन्छ हाम्रो र

तिमी सोधिरहन्छौ
किन हिँड्छौ ?
बारम्बार लडेर पनि जिन्दगीको मैदानमा
कैले हातले संकेत गर्दै ?
कैले सेतो छडीले टेक्दै ?

म भन्छु
एक दिन मलाई
यो युद्ध जित्नु छ
त्यसैले मलाई हिँड्नु छ
किनकि मैले
जिन्दगीको खातामा
शताब्दीकै सबैभन्दा
उत्कृष्ट गोल गर्नु छ र
जिन्दगीको विश्वकपलाई जितेर
भन्नु छ एकदिन
हेर मैले चुमेका
यी स्वर्ण ट्रफीलाई ।

# मालिक र मजदुर



डा. रेणुका सोलु
काठमाडौं
उपाध्यक्ष, अनेसास

प्रत्येक बिहान
सबेरै उठेर
हतार हतारमा
तिमी पनि दौडिरहन्छौ बेस्सरी
म पनि दौडिरहन्छु उसैगरी
फरक यत्ति हो
तिमी पेट घटाउनका लागि दौडिन्छौ
म चाहिँ पेट भर्नका लागि दौडिन्छु
त्यसैले त
तिमी मालिक कहलियौ
म मजदुर चिनिएँ ।

# युगको आकार



रोशन तिमिल्सिना
पोखरा, कास्की

अजङ्ग पहाडका स-साना टुक्राहरूमा
पसिनाले बनाउँथ्यो मिहिनेतको आकृति
र ओढाइदिन्थ्यो कुनै घरलाई सुरक्षित पछ्यौरी

विज्ञानले युग र युगले मेसिन बोकेपछि
सरूप छन् हरेक घर/महल/सडक
तर पनि...
पसिनाले नपखालिएर हुनसक्छ
कुरूप भएको छ अहिले धर्तीको मुहार

कुनै गहिरो सागरमा
डुबुल्की मारेर खोजिएको खजानाजस्तै
पवित्र, बहुमूल्य थियो प्रेमको स्पर्श

प्रविधिले युग र युगले आधुनिकता बोकेपछि
गुलाफको सुगन्ध भेटिन छोड्यो प्रस्तावमा

आशीर्वाद सुनिँदैन एकाबिहानै परिवारमा
कुनै अपरिचित बटुवाझैँ
छुटिरहेका छन् अन्जान आफन्तहरू बाटोमा

गाउँ गाउँ नभएर परिवार बनेपछि
मानवताको जालमै बेरिए जसरी
भेटिन्थे हरेक पीडामा निःस्वार्थ सेवा

युगले मानिस र मानिसले लालच चुनेपछि
स्वार्थको दौड प्रतियोगितामा जस्तै
प्रथम हुन खोजिरहेको छ मानव
जो असत्यको लिस्नोमा चढेर
पुगिरहेछ सफलताको मृगमरीचिका बुइँगलमा
हुनसक्छ पाप गर्नेकै फलिफापले
छुटेको छ कतै बीच बाटोमै मानवता

यो सबै सुनेपछि
कस्तो लागिरहेछ तिमीलाई युगको आकार ?

*(अनेसास कविता महोत्सव २०२१ मा प्रथम भई ३०० डलर बाट पुरस्कृत ।)*

# सेतो फूल



लिली अधिकारी
पोखरा

अभिशाप मानिन्छ गुमेपछि रातो रङ
हुन्छ असह्य पीडा बोध
सबै कुरा लागू नहुँदोरहेछ सबै ठाउँमा

देखिन्छ स्वतन्त्रताको प्रतीक
बलियो दाम्लो चुँडिएर
जिउन अभ्यस्त भएपछि

जलधिको मौनताजस्तै
भएर शान्त र स्वतन्त्र
बटुलेर आफ्नै परिधिको खुसी
सुरम्य तालमा मुस्कुराइरहन्छ- सेतो फूल

पन्छाएर बाहिरी काँडाका लस्करहरू
पर... हुत्याएर सहाराका अपेक्षाहरू
आफ्नै सुर र तालको निडरतामा

बाँचिदिन्छे ऊ बनेर सेतो फूल
द्वन्द्वको चपेटामा रातो फूलको
क्रान्ति छ आफ्नै घरको संघारभित्र
पाछिरहने करौँते घाँस जस्तासँग
रातो देखिने फूलभित्र नदेखिने दबदबा
थाहा हुन्छ सहनेलाई मात्रै
अनावश्यक सुरक्षाका काँडाहरू
हुने गर्छन् बाटो अल्मल्याउने झाडीजस्ता

ठोसेर हरेकपल अगुल्टो
बलेको आगोको रापले
पोल्दै पाएको प्रकाश
घुम्रिएको कपाल तनक्क तन्काएर
सलक्क पारेर देखाएजस्तै हो
रातोभित्रको मिठो

जोखिरहन्छ मनको तुलो पनि
खुसीको उचाइ र
देखावटी सुन्दरताको उचाइ

नबनाऊ मन खिन्न– सेतो फूल
उम्लिरहेको छ रातो क्रान्तिभित्र रगत
गरूङ्गो बोझ थुपारिएको छ रङकै बहानामा
अब तिम्रो बोटको रङ पुनः रातो हुनुअघि
क्रान्ति साम्य हुनुपर्छ ।

# बिग्रेको मति



वैद्यनाथ श्रमजीवी
वीरगन्ज

महलमा झिलिमिलीको थुप्रो
दाउरे युगमा अझै छन् झुप्रो
सहरिया दरबारमा दीपावली
भोका नाङ्गा छन् देशमा हली

कल–कारखाना जति बन्द गरेर
रोजगारी जति सबै आफैँ हरेर
युवा जनशक्ति विदेश पठाई
बाँड्दै छन् विकासको मिठाई

माफिया भ्रष्ट रहेछ वैभवशाली
फटाहाको दिनदिनै खुशियाली
पद पैसा भो नेताहरूका प्यारा
दीनदुःखीहरू अझै छन् कमारा

अन्धविश्वास छ अझै पनि हावी
ठान्छन् कर्म लेखेको हो भावि
घरघरमा दासी छिन् श्रीमती
दलाल पुँजीवादी बिग्रेको मति

रूढिवादी संस्कृति अब छोडौँ
जातपात छुवाछुत अब तोडौँ
वैज्ञानिक समाजवाब ल्याउनुपर्छ
शोषण विभेद हटाई विकास गर्छ ।

# युद्ध असभ्यताको चिह्न



विनिता भट्ट
हालः न्युजिल्यान्ड

यदि हामी आपसमा कुरा मिलेन भने
अझ बढी शान्त र गम्भीर भई
पलैंटी कसी कुरा गर्न छाडी
२१ औं शताब्दीका यन्त्रहरू बोकी
युद्धमा होमिन अघि सर्छौं भने
हामीले आफूलाई सभ्य कसरी भन्ने ?

हैन, विश्वका राष्ट्रहरू कता गए ?
अझ सबै राष्ट्र मिली बनाएको संयुक्त राष्ट्रसंघ के कामको भो
युद्धमा होमिनबाट कुनै पनि राष्ट्रलाई यो रोक्न सक्दैन भने
हामीले आफूलाई सभ्य कसरी भन्ने

छोडौं कुरा विश्वयुद्धको
भियतनामदेखि लिएर इराक, लिबिया, सिरिया, यमन र अफगानिस्थान सम्मको

नरसंहार र विध्वंसबाट पनि हामीले युद्ध के हो भनी बुझ्न सकेनौं भने
हामीले आफूलाई सभ्य कसरी भन्ने

ए सबै आमाहरू, अब त हामी नै कस्सिनै पऱ्यो
कुनै पनि सन्तानलाई सैनिकमा भर्ती नहोऊ भनी सिकाउनै पऱ्यो
युद्धबाट द्वेष र प्रतिशोधको भावना मात्र फैलन्छ भनी
जगतलाई सम्झाउनै पऱ्यो
हैन भने, अझै हामिले आफूलाई सभ्य कसरी भन्ने ।

# अल्झिएको छ जीवन



विनोद आचार्य
हालः न्युजिल्यान्ड

एउटै आकाशले समेटेको छ हामीलाई
एउटै छ धर्तिको धरातल
एउटै पानी जसले मेट्छ हाम्रो तिर्खा
एउटै त छ हावा पानी

तर
सुदूर अति टाढा छ हाम्रो देश
सिमानाले घेरिएको
नियम कानुनले बाँधिएको
पुग्छ मन कतै कसैको नजिक
तर, पुग्न सक्दैन यो शरीर
माटोको सुगन्ध छ
पानीको तिर्खा
पहाडबाट आउने
खोलाको गुञ्जन

खेतबारीहरूमा फलेका फलहरू
स्वदेशको माटोको सुगन्ध
शिशिर बनेर
बसन्त भएर
स्मरणीय ऋतुहरू भएर

तर
टाढा लाग्दोरहेछ आफ्नै स्वदेश
जसले बनायो यो शरीर
यो कोमल मन, यो जीवन
टाढा गएर झन् बढेको छ माया
लगाव र चाहना
जीवनले दिएको भार स्वीकार गरी
मोह, तिर्खा, परिवेश र कर्तव्यमा
अल्झिएछ जीवन ।

# आमा



विमला न्यौपाने
हालः न्युजिल्यान्ड

सात समुद्रपारि पनि आशीर्वादको सन्देश पठाउँछिन्
सम्झेर हरदात मलाई नै सिरानी भिजाउँछिन्

सक्दिनँ तिर्न दुधको भारा यो जीवनभरि म के गरूँ
अर्को जन्म पाएछु भने तिम्रै कोखमा जन्मन पाउँ

धेरै रातहरू अनिदो भयौ कहिल्यै मिठो निद्रामा परिनौ
मलाई मागेर भए नि खुवायौ तर तिम्रो पेट कहिल्यै भरिनौ

मलाई ठूलो मान्छे बनाउन तिमीले धेरै दुःख झेल्नु पर्‍यो
बुढेसकालमा सहारा नपाई तिमी एक्लै खेल्नु पर्‍यो

तिम्रो हातको घाउमा झुम्रो बाँधी मलाई एम.ए. पढायौ
तिम्रो बाध्यता थियो होला रूँदै मलाई जहाज चढायौ ।

# लेखेर केही नहुने कथा



विष्णु पादुका
कोहलपुर न.पा.-४, बाँके

बुद्धिको बोझ बोक्ने मान्छे
जिज्ञासाको दलदलमा भासिएको हुन्छ
पीडाको जलनले शितलता खोज्न
भावनाको भेलमा हेलिन्छ
कसैले पागल भन्छन्
कसैले कवि

उसको बाका
पाइतालाका पानामा
बाटोले लेखेका अक्षर देखेपछि
मलाई यो सेतो पाटीमा मार्करको हलो जोत्न
मनै लाग्न छोड्यो

उसकी आमाको
चोलीले अन्तर्राष्ट्रिय इज्जत छोप्न
धौधौ परेको देखेपछि

मैले उसको कापीकलम खोजिनँ झोलामा

कहिलेकाहीँ उसको
घरसम्म पुग्न मन लागेर आउँछ
ऊ किन स्कुलमा रमाउने रहेछ ?

म थाहा पाएर पनि अ-थाह बनेर फर्किन्छु
राष्ट्रिय स्तरको गरिबीलाई घरभित्र कैद भएको देखेपछि
हाजिर गर्दा खाना खायौ, के खायौ भन्न छोडिदिएँ मैले

परिवर्तनको सम्बाहक
भनेर कतै नलेख हो
एउटा सुदूरको मास्टरलाई
ऊ त केवल परिस्थितिसँग विलिन हुन मात्र सक्छ

उसलाई धेरैअघिदेखि थाहा छ
देखेर अनि लेखेर केही हुँदैन
फगत हो यो
आगोको तलाउमा बसेर माछाले देखाउने छटपटी ।

# खाते बालक



विष्णुप्रसाद शर्मा
दाङ

जा जा जा जा भन्छन् तेरो आफ्नै घर
जान्छु जान्छु भन्छु तर घर त कहाँ छ र

आमा बुवा कता छुटे सानै छँदाखेरि
सम्झी सम्झी रून्छु कैले भेट होला कि फेरि

सडक गल्ली हिँड्छु डुल्छु बाटो फेरि फेरि
खस्या फाल्या टिपी खान्छु बनिकन फोहोरी

सडक छेउ दिन काट्छु गल्ली छेउ रात
होटल गई मासु खान्छु दिन्छन फाल्या भात

यसैगरि खाँदै घुम्दै खातेको दिन बित्छ
अभागी छन् बिचरालाई कल्ले माया दिन्छ ?

# बाल्यकालमा गाँसिएको माया



सञ्जु अधिकारी
काठमाडौं

बालापन रमेको यो सेरोफेरोमा
सम्झना बोक्ने आफ्नै माटोमा
यसो कहीँ कसो बाटो पर्दा
ती गोरेटो अनि टार कट्दा

कसै तिमी भेटिन्छौ कि माया
मुस्कुराउँदै फेरि नजर साट्छौ कि ?

आँट थिएन कुनै सपना थिएनन्
जीवन बुझ्ने पक्की मगज थिएन
तै पनि कसो गाँसियौँ सर्लक्कै
अर्को प्रहरमा फुस्किनु छ जान्दै

हिजो फक्रिएको मुना कोपिला
मग्मगाउँछ अझै मभित्र भरी

स्पर्श नगरिएका ती औंलाहरूले
सुम्सुमाई रहन्छन् शरम नगरी

न अँगालिएको त्यो राप कस्तो
मनका आँधी, हिमपात छेक्छन्
जटिल यात्राका हर चोट ठेस
त्यही यादका न्यानोले सेक्छन्

एक्कासि भेट हुन्छ कि कतै
बिना आशमै बसेको मायालाई
कुनै बतासले सँगै लपेट्ला कि
मन छोडी हिँडेका आत्माहरूलाई ।

# छोरी



सत्यदेवी शर्मा
हालः न्युजिल्यान्ड

कस्तो जन्म दियौ दैव, छोरीको यो जातलाई
कतै पनि सुरक्षित ठाउँ छैन हामीलाई, खै ?
कसरी भनूँ आफ्नै घरमा आफ्नै छोरी सुरक्षित छैनन् देशमा
देश बनाउने नेताहरू अब मान्छे भएनन्...

कस्तो कानुन हाम्रो देशको पैसासँग बिक्ने
न्याय दिन यस्तै त हो, घुसखोरीमा जीवन चल्ने
लुटिएकी एउटी छोरी गुहार माग्दै जाँदाखेरी
खोज्छन् पैसा, आउनु पर्छ बिना न्याय हेरी हेरी

कहीँ मर्छन् दाइजोले कहीँ बलात्कार
कसले सुनिदिने यहाँ यो छोरीको चित्कार
छरछिमेकमा कुरा धेरै आफन्तको हेला
कहिलेदेखि मुहार हाम्रो देशले खै फेर्ला

कडा कानुन बनाएमा सुरक्षितको आश गर्लान्
न्याय हाम्लाई चाहिन्छ भनी अघिअघि बढ्लान्
एउटा कानुन ल्याइदे सरकार धर्ति देखाउने छोरी हुन्
जुन सरकारले नीति ल्याउँछ उसैलाई छ, छोरीको गुन
जुन सरकारले नीति ल्याउँछ उसैलाई छ, छोरीको गुन ।

# कविको आगमन



सुलभ भारती
हालः न्युजिल्यान्ड

मधुर स्पन्दनको
आकर्षक वातावरण
त्यो खुल्छ निद्रापछि
कविको आगमन
कन्चन-मन्चन दिव्यहरू
उछिट्टिएका ताराहरू
कोही अबेरसम्म चम-चम गर्दै
खोल्छन गोप्य भेदहरू
श्रृङ्गार शोभाको आभामा
अनुरागको मग-मगमा
शब्द-शब्द नचाइदिन्छ
कवि जीव आत्मा
व्याख्या नै बदलिदिन्छ
ऊ रूचि, अरूचिको
यो दुनियाँ कता जाँदैछ
क्षणिक आनन्दको

आकाश सबै मेरो हो
भन्दै घुम्ने बाज पनि
जलमै-थलमै निर्भर छ
भोक मेट्टाउने अज्ञानी
लोभ हुन्न कवि मान्य
एकान्त नै प्यारो
प्रकृतिको एउटा कुना
खुला उस्को बाटो
शितल बिहानीमा
छरितो हावा बग्न थाल्यो
रोम-रोमको स्पर्शमा
स्वच्छन्द जाग्न लाग्यो
ऋतुको रहर मेटाउन
कवि मौसम आयो
झरेको पात गाँसिदिने
हेर को जादुगर आयो।

# म एक कमजोर नागरिक



सुमन गिरी
हालः न्युजिल्यान्ड

एक सरो श्वासको लागि हजारौँ नागरिक तड्पिरहेका बेला
मौनताको चरम शून्यतामा राजनीतिका अस्त्र प्रयोग गरेर
देशको अंशबण्डा गरियो

तर म एक आम कमजोर बालक नागरिक
के नै गर्न सक्थेँ र ?

नेपाल आमाले मपट्टि टुलुटुलु हेर्दै भनिन्
ए बालक तँ अब बालक रहिनस्
कमजोर छैनस्

तर बोल्नु पर्ने बेला शब्दहरू कहाँ कहाँ हराए

आम मौनताको चरम निष्पटतामा सहयोग र मिलाप खोज्न

म भित्रभित्रै डराएँ
यो वादको, त्यो वादको
यो नामको त्यो नामको
बाबुसाहेबहरूले नेपाल आमालाई
बन्धक बनाए
पटक-पटक लड्दालड्दै
मेरा पुर्खाहरू सडकमै अस्ताए
नेपाल आमाले मपट्टि टुलुटुलु हेर्दै भनिन्-
न लड्नेको विश्वास गर, न लडाउनेको

तर हजारौँ पटक उनीहरूको भाषणमा, शाषणमा अभूतपूर्व आकर्षणमा
लट्पटिँदै दाशजस्तै सडकमा, सदनमा, जंगलमा
म उनीहरूसँगै रमाएँ

उनीहरूले दशगजा बेचे, जमिन बेचे, खोलानाला बेचे, धर्ति बेचे
पहाड, हिमाल बेचे
राजनीतिक सिद्धान्त, पहिचान, स्वाभिमान बेचे
नेपाल आमाले छट्पटाउँदै भनिन्

रोक यी अत्याचारहरू, भष्टाचारहरू, विदेशीका बुटहरू
आफ्नै दाजुभाइ लडाउने गुटहरू
चुँडाली दे दासत्वका सित्रीहरू

अतिक्रमणका काँडेतारहरू

रोक ती रगत बेच्न हिंडेका श्रमहरू
उत्पादन गर रोजगारहरू
सुशासनका जगहरू
राजनेताहरू

तर म एक आम कमजोर बालक नागरिक
के नै गर्न सक्थे र ?

एक सरो श्वासका लागि हजारौँ नागरिक तड्पिरहेका बेला
मौनताको चरम शून्यतामा राजनीतिका अस्त्रहरू प्रयोग गरेर
देशको अंशबण्डा गरियो
तर म एक आम कमजोर बालक नागरिक
के नै गर्न सक्थे र ?

# गाउँ



सुरेन्द्र देवकोटा
गोरखा

प्रकृतिले अझै पनि
काखमा राखेर मुसारिरहेको
चुलबुले बालक हो गाउँ

कोदोका कपनि भएर
मुन्टो लुकाउँछ भोकले
पिपलको हाँगा भएर
फिजारिन्छन् दुःखका हातहरू
त्यही दुःखको गाभो चुसेर
जिमखाना जान्छ ऐजेरूँ सहर

अझै पनि गाउँमा
परदेशिएको खसमको वियोगमा
एक्लै रून्छे न्याउली
बाबुले सुने पनि नसुने पनि
काफल पाक्यो भनेर

बोलाइरहन्छन् नानीहरू

थाहा हुँदैन
कहाँ कहाँ जाल थाप्छ
शिकारी समय
र भोका बचेराहरू
चिर्बिराउँछन् भोकको गीत
सुनेर त्यही सङ्गीत
राहत बोकेर रूख चढ्छ कालो सर्प

हरेक वर्ष
उसरी नै उर्लन्छ असारे भेल
खोला तर्दातर्दै बग्छन्
स्कुल हिँडेका नानीहरू
उर्लंदो भेलमा
बाँकटे हानेर पस्छ
उद्धारमा गाउँको जोस
उसरी नै चल्छ चैते हुरी
धुरीबलो समातेर
जुधिरहन्छ गाउँको साहस

गाउँमा अझै पनि
खेतैखेत रोपिन्छन् कविताहरू
पाखैपाखा गुञ्जन्छन् गीतहरू

उस्तै छन् कागका गुँडहरू
उसैगरी माटोका दरबार बनाइरहेछन्
कमलकोठीहरू
उसैगरी बेसीमा टमक्क बस्छ कुहिरो
र कुहिरोको मैदानमा
ठमठम हिँड्ने सपना देख्दै
हुर्कन्छन् नानीहरू

उसरी नै
रूखको बोक्रामा
ढुङ्गाले खोपेर
पोखिन्छ प्रेमको पहिलो अक्षर
एउटा दुख्दा
अर्कामा पनि सर्छ पीडा
एउटालाई चोट लाग्दा
अर्कोमा पनि सर्छ बेदना

अघाएका सन्तान हेरेर
भोकै अघाउन सक्ने
आमा हो गाउँ

अविराम धड्किरहेको
मुटु बाँकी छ गाउँमा
जसले पठाउँछ

श्रमका धमनीहरू हुँदै
सहरसम्म
खुसीका रक्तविजहरू
सहरको शिरा हुँदै गाउँ पस्छ
सम्बन्धको प्रदूषण

हेरिरह्यो भने गहिरा आँखाले
जस्तै प्रदूषणले पनि
मार्न नसकेको
मानवताको धुकधुकी
बाँकी हुन्छ गाउँमा

नियालेर हेऱ्यो भने
देखिन्छ गाउँमा
जस्तै संकटमा पनि
सहानुभूतिको साथ
सुनिन्छ सौहार्द्ध संगीत

गाउँमा अझै पनि
गाउँ मरेको छैन
साँच्चै
तिम्रो जीवनमा गाउँ छ कि छैन ?

# सबै सामु चिनिन पाऊँ



सविना चौलागाई
सचिव, नेसास न्युजिल्यान्ड

म यस्तो एउटा रचनाको खोजीमा छु
जुन अरू सामु वाचनयोग्य होस्
म यस्तो सृजनाको कल्पना गर्दैछु
जुन सुन्दा मन मस्तिस्क स्वर्णिम होस् ।

मेरो कवितामा महाकविको मुना-मदनको चर्चा होस्
त पारिजातका कृतिहरूको बास्ना होस्
मेरो लेखाइमा युगकविले गरेझैं ओखलढुङ्गाको बयान् होस् त
अलिकति बालकृष्ण समको चिसो चुलोको चास्नी होस्

म कवियत्री हैन
तर पनि महाकविले झैँ
औँशी पूर्णेको रातमा आफ्नो कविता लेख्दैछु
म दूरदर्शन पक्कै हैन

तर पनि एउटा पागल नामक कविताबाट प्रेरित भई
साहित्य संसारमा आफ्नो गन्तव्य देख्दैछु

न त म साहित्य ज्ञानमा पोख्त छु
न त लेखन शैलीमा मेरो कुनै ढङ्ग छ
तर पनि कापी कलममार्फत
आफ्नो भावना पोख्न सक्ने
ममा एउटा तरंग छ

देवकोटाले झैँ तीन महिनामै महाकाव्य लेख्न नसके पनि
यस साहित्यिक दर्पणमा बिलाउन पाऊँ
आफ्नो मनका भावनासँग दिनानुदिन
भलाकुसारी गर्दै भए पनि
म सबिना हुँ भनी सबै सामु चिनिन पाऊँ ।

# एउटा कविको उल्टो इच्छा



शरद पोखेल
हाल: जापान

मलाई आफ्नै हातले सुम्सुम्याउनुछ
यो युगले मेरो सभ्यतामाथि हानेका नीलडामहरूलाई

मलाई जान्नुछ कसरी बाँच्छ मान्छे
अर्कोले निरन्तर अँठ्याइरहँदा पनि आफ्नो घाँटीमा

कुन जाँगरले पनि मुस्कुराइरहन्छ होला
अपमानका हज्जार असिना आफ्नै थाप्लोमा थापेर

कुन यात्रामा निस्किएको हो ऊ ?
हातखुट्टा भाँचेर
बाटो खोसेर, आँखा झिकेर कता धकेलिदै छ ?
किन मौन छ यति डरलाग्दो ?
मलाई सिक्नुछ
कसरी प्यास मेट्नुपर्छ ज्वालामुखी पिएर

कसरी निदाउनुपर्छ निदरी बेचेर
कसरी थाप्नुपर्छ शिरको टोपी खोलेर
थपक्क यो शताब्दीको उपहास

मलाई महसुस गर्नुछ
कुन मुटुले रहेछ यतिधेरै सहनशील बनाउने
कुन शिरा र धमनीले वितरण गर्दा रहेछन् बेरङ्गी रगत
कुन हड्डीले थामेको छ यो अत्याचारको पहाड
कुन पैतालाले छोडेको छ आफू हिलाम्मे हुँदाहुँदै
यति सुन्दर पदचाप
कुन हातले लेखेको छ यो समयले गाउन नसकेको उज्यालो
को गीत ?

कुन प्रेमीको पर्खाईमा फुल्दो हो बाटो मुनिको फूल
कुन भक्तलाई पर्खिदो हो मन्दिर पछाडिको बुकी
कुन प्यासी भेट्न झर्दो हो कन्दराको छहरा ?

ओ समय !
म तेरो अभिजातको घण्ट घाँटीमा झुण्डाएर
मुर्दाहरूको सन्नाटा चिर्न सक्दिनँ

बरु मलाई उल्टो पारेर झुण्डाइदे
तेरो मैना होइन चमेरो नै सही
म कवि होइन
विक हुन चाहन्छु ।

# आमाको आँशु



शालु ढकाल
हालः न्युजिल्यान्ड

यस्तो पनि के आमा
दुई थोपा आँशु पनि झार्न नसकेको
छोरीको माया नै रहेन छ कि क्या हो
भर्खरै छारी अन्माएर भित्र पस्न पनि नभ्याएकी
उनकी आमालाई भन्न भ्याए ती जन्ती आउनेले

एक्ली छोरी विवाह गरेर अन्माउँदा पनि
एक थोपा आँशु नआएको
त्यो आमाको कस्तो कठोर मन होला
जन्ते बाख्रोको मासु र भात खाँदै गफ गर्ने मेलो बन्यो

रातो पहिरनमा सजिएर
घुम्टोभित्र बसेकी छोरीले
ती गाइँगुइँ हल्ला सुनेर
आफ्नो आँखाको आँशु लुकाउँदै सम्झी

हो, उसकी आमा रोएकी थिइनन्

ऊ जब सानै थिई
उसका बाबुलाई क्यान्सरले लग्यो
तब उसकी आमा रोई

जब उसका साथीहरू पहिरनमा सजिएर हिँड्दथे
ती आमा भने किन्न सक्तिन थिई
तब उसकी आमा रोई

जब उसका साथीहरू बोर्डिङ स्कुल जान्थे
ऊ भने बिना चप्पल सरकारी स्कुल जान्थी
तब उसकी आमा रोई

जब ऊ बिरामी परेर
औषधि किन्न सक्दिन थिई
तब उसकी आमा रोई

जब ऊ ठूलो कलेज जाने भई
तर भर्ना गर्न सकिन
तब उसकी आमा रोई

बल्लतल्ल पढाइ पूरा गराई
जागिर खान सोर्स लगाउन नसक्दा

## उसकी आमा रोई

उसकी आमा पटक पटक रोई
धेरै पटक रोई
त्यतिबेला जब ऊ जीवनको संघर्ष गरिरहेकी थिई
कसैले उसले रोएको देखेनन्

आज छोरी अन्माउँदा
उसको आँखामा आँशु नआएको
सबैले देखे

उनीहरूलाई के थाहा
उसको आँशु बनाउने भाँडो नै सुकिसकेको छ
छोरी अन्माउँदा पनि पटक्कै रोएकी थिइन
जतिबेला छोरीको दाइजोका लागि
उसले आफ्नो मृगौलासम्म बेचेकी थिई ।

# मातृभूमि

छन्दः उपजाति



शालिकराम भण्डारी
हालः न्युजिल्यान्ड

प्रणाम बिन्ती अनि गर्छु माया
छ देश मेरो मुटुको कुनामा
त्यो देश मेरो पहरा र पाखा
संगीत छर्ने  छहरा र छाँगा

सुरम्य नौला लय लाख लाख
नृत्य अनौठा लहरा र पात
श्रीपेच हाम्रै छ हिमाल पन्ना
नेपाल प्यारो अझ आफू भन्दा

कयौँ अनेकौँ थरि जाति भाषा
विचित्र लाखौँ थरि भेष भूषा
पाहाड पर्वत् वन टाकुरा छन्
तराई उर्वर् सुनका गरा छन्

हाँस्छन् हिमाल् यी सत प्रेरणामा
उत्साह आहा कति हो युवामा
काली र सेती जब प्राण छर्छिन्
धर्ती अनौठा फूल बुट्टा भर्छिन्

यै देश मेरो भूमि बुध्द कोहो
गौरव् छ नेपाल म पुत्र तिम्रो
केही गरौँ मोति यहीँ फलाऊँ
नेपाल स्वर्ग अव देख्न पाऊँ ।

# कोरोना



डा. शिवप्रसाद पोखरेल
कोषाध्यक्ष, नेसास न्युजिल्यान्ड

कोरोना तिमी कहाँबाट आयौ
प्रियजनहरू टाढा टाढा बनायौ
जान्छौ भनी दुई चार गन्दा
भइसकेछ धेरै वर्ष दिन भन्दा


याद आउँछ स्वदेशी माटो, अनि आफन्तका स्नेह
शिघ्र अति शिघ्र तिनलाई भेट्न जाग्छ मोह

झल्याँस्स हुन्छ जब सम्झन्छु तिम्रो नाउँ
सिसासरि टुक्रिन्छ मन सार्न नपाउँदा यो पाउ

रोक्यौ विद्यालय, कलेज, यातायात अनि विमान
हुँदाहुँदै बन्द गरायौ देश विदेश जान
अब जाऊ भन्छु विनम्र यी दुई हात जोडी
श्राप लाग्छ आँशुको जुन झार्छिन् आमै आफ्नो पर्देशी नभेटी

मान्छु तिम्रो नियम कानुन अनि डर
बस्छु आफू स्वच्छ अनि दुरी कायम गरी
गएनौ भने डर मान्न छोड्छु
कोरोना तिमीसँग डटेर लड्छु
तिमीसँग छ तीव्र संक्रमण फैलाउने शक्ति
मसँग छ लकडाउन, सेनिटाइजर अनि भ्याक्सिन ढाल रोक्ने ।

# बन्दाबन्दी



शोभा बराल (दाहाल)
धनकुटा

पलाएका आशा दिनदिन सबै जेलिन पुगे
रमाएका गल्ली पलपल गरी टाढिन पुगे
दुख्यो पोल्यो छाती कटकट गरी त्यो तन पनि
दबाई के होला भनिकन सखारै खोजे पनि

नमिल्ने भो सुक्खै न त प्रिय हुने जीवन अहो !
न आसैमा बाँच्ने न त अवनीमा सार्थक भयो
कसोरी के गर्ने छटपट भई पिल्सिन पुगी
झरे अश्रुथोपा तपतप गरी जीवन लुकी

पूरा बन्दाबन्दी जगत्भर आजै छुटी गए
कि बाल्ने हो ज्योति कि त मधुरमा चेतन बढे
सुनौलो क्रीडामा उनदिन अहो ! हर्षित थिए
पुरानै ढाँचामा जीवन अहिले फर्किने भए

दुखेको यो छाती विरह जनको देख्दछ यहाँ
बिथोलेको बाटो अलमल परेको देखी जहाँ
उजाडै भो ऐले मनुज सबको तन दूर भयो
पूरा हुनै बाँकी रहर नभई बन्द हुन गो ।

# टिक-टक



शैलेश कर्माचार्य
सल्लाहकार, नेसास न्युजिल्यान्ड

टिक-टक
टिक-टक
जमाना टिक-टकको छ
आज, जमाना अर्कै छ
हेर्नु न जमाना अर्कै छ
आमा-बुवा बितेको खबर
हो, खबर सोसियल मिडियामा
बितेको तेऱ्ह दिन नबित्दै
टिक-टक, हो टिक-टकमा
छोरा-बुहारी, छोरी-ज्वाईं
नाच्दै गरेको पाइन्छ हेर्न
टिक-टक
टिक-टक
जमाना टिक-टकको

भेटघाट सोसियल मिडियामा
प्रेमालाप सोसियल मिडियामा
के छैन सोसियल मिडियामा ?
बिहानको ब्रेकफास्ट
रातीको डिनर
के छैन र सोसियल मिडियामा ?
पल्लोघरे छिमेकी छोराको
विवाह हिजो
आज प्रेमालापको भिडियो
के छैन र सोसियल मिडियामा ?
टिक–टक
टिक–टक

जमाना टिक–टकको

सयौं–हजारौंलाई टुहुरा बनाउने नेता
नाति–नातिनीसित रमाउँदै
टिक–टक
टिक–टक
जिउँदै आमा–बुवालाई भोकै राख्ने छोरो
आफ्नो छोरो घुमाउँदै–खुवाउँदै
टिक–टक
टिक–टक
जमाना टिक–टकको

हो, आज जमाना टिक-टकको छ
सोसियल मिडियाको छ
एक घुट्को पानीका लागि
बुढी आमै तड्पिन्दै छिन्
छोरा-बुहारी बर्षातमा
टिक-टक
टिक-टक

जमाना टिक-टकको छ
हो, जमाना सोसियल मिडियाको छ
टिक-टक
टिक-टक
जमाना टिक-टकको छ ।

# २. गजल खण्ड



अर्जुन लम्साल
हाल: न्युजिल्यान्ड

बाजी कसले हारेको हो यही मलाई थाहा छ सानु
माया कसले मारेको हो यही मलाई थाहा छ सानु

परेवाको जोडी जस्तै सँगै जिउने वाचा टुट्यो
गुँड कसले सारेको हो यही मलाई थाहा छ सानु

मनको बाटो तिमीबाहेक अरू हिंड्ने छैन भन्यौ
बाटो कसले बारेको हो यही मलाई थाहा छ सानु

किन भन्न पर्‍यो र तिमीले धोका दियौ भनी
बाध्यताले पारेको हो यही मलाई थाहा छ सानु ।



आँचलकुमार शर्मा
काठमाडौँ

नंग्याउने छन् ढाक्ने सकभर भेटिनँ
फाटेको डसना हुँ म, च्यादर भेटिनँ

जहाज चढेर समुद्रको सतह डुलेँ
बल्ल बुझेँ किन यो रत्नाकर भेटिनँ

अपमान गरेर नाक काटियो मेरो
खोजेँ सदूषण भेटिनँ अनि खर भेटिनँ

मनसित धन, धनसित मन साट्ने भेटेँ
पीडा र आँसुको सौदागर भेटिनँ

साह्रै मापाको हुनुहुँदोरहेछ
मैले तपाईंजस्तो दुच्छर भेटिनँ ।



उषा तिवारी
चितवन

बजाएर मादल नचाएर छाड्यौ
नहुञ्जेल पागल नचाएर छाड्यौ

थिए फर्फराइरहेका परेली
लगाएर गाजल नचाएर छाड्यौ

थियो गर्न श्रृङ्गार अझै धेर बाँकी
न घुम्टो न आँचल नचाएर छाड्यौ

थियो बेस खादीसरी जिन्दगानी
तुल्याएर मलमल नचाएर छाड्यौ

थियो सोख अर्कै उषाको अनौठो
बनाएर कायल नचाएर छाड्यौ ।



केशव शर्मा
हालः अस्ट्रेलिया

तिम्रो घरमा जस्ले जे जे गरे पनि चल्दो रैछ
छिमेकीको चुल्हो बल्दा तिम्रो घर जल्दो रैछ

कुर्सी हुँदा सजिलो छ समृद्धिको बाटो पनि
तिम्रो आदेश इशारामा बोटमै सुन फल्दो रैछ

जान्दैन म मान्दैन म मात्रै भने पुग्छ तिम्ले
नीति नियम विधि विधान तिम्रा अघि गल्दो रैछ

अभाव पनि निरीह छ तिम्रो प्रतिष्ठाको सामु
तिम्रै घरको बाटो उसले जानी जानी छल्दो रैछ

मात्र मौका पाउनु पर्छ ठूलै चमत्कार गर्छौ
तिम्ले छुँदा पानी पनि दनदनी बल्दो रैछ ।



कृष्ण आचार्य
सदस्य, नेसास न्युजिल्यान्ड

बाध्यताले हो म परदेशिएको, कुरा बुझ्नुहोला
देश सम्झिएर आँशु पिएको, कुरा बुझ्नुहोला

लेक बेसी गाउँ घर बिर्सियो उतै रमायो नसोच्नु
परदेश बसी देशलाई रेमिटेन्स दिएको, कुरा बुझ्नुहोला

मेरी आमा मेरा बा अनि सबै मेरा आफ्नाहरू
माया सबैको छु सम्झिएको, कुरा बुझ्नुहोला

दु:ख गरी दुई चार पैसा जोडौँला खुसी किनौँला
आशै आशमा छ ज्यान खिएको, कुरा बुझ्नुहोला

देख्नलाई त हाँसी खुसी देखे पनि भित्री मन
चोइटा चोइटा मुटु सिएको, कुरा बुझ्नुहोला ।



जितेन्द्र मल्ल
हालः अस्ट्रेलिया

उचाइ चाहन्थ्यो, दसौं तलामा पुग्यो
बगैंचाको फूल, गमलामा पुग्यो

अझै कति चल्छ नाटक मञ्चन यहाँ ?
भन्नुस् न कतिऔं श्रृंखलामा पुग्यो ?

देख्नेले अश्लील भने टुँडालहरूलाई
के कसैको नि आँखा कलामा पुग्यो ?

आज बाडुलीले साह्रै सताएको छ
शायद मुटुको मान्छे गलामा पुग्यो

कमजोरहरू नै हुन् जहिल्यै हेपिने
झाँक्रीको नजर पनि अबलामा पुग्यो ।



दर्शन बाबु आचार्य
चितवन

जसरी गइथ्यौ जानै पर्ने जरूरी देखाएर
यादहरू नि लगिदेऊ कुनै मजबुरी देखाएर

लुट्नेले नजरबाटै लुट्छन् मान्छेको मन
कोही किन लुट्न सक्दैन खुकुरी देखाएर ?

गाउँमा गाह्रो छ बालाई शिर उठाएर हिंड्न
सहरमा छोरी हिंड्छिन् रे चुरीफुरी देखाएर

पहिले उस्कै शालिक ढलाउँछ मेरो सरकार
जस्ले देश बचाउँछ निकै बहादुरी देखाएर

सँगै रात नकाटेर पनि प्रेम गर्न सकिन्छ
उनी यस्तै भन्छिन् फूल र माहुरी देखाएर ।



दीपक लामिछाने
हालः न्युजिल्यान्ड

देखेको नदेखेझैँ गर्छ सरकार यहाँ
छैन अस्पताल तर किन्दैछ मोटरकार यहाँ

कोरोनाको महामारी छ जताततै
छैन पिसिआर तर खा भन्छ बेसार यहाँ

हत्यारा बलात्कारी भ्रष्टाचारी देख्दैन किन ?
देख्छन् त केवल सिङ्गो कलाकार यहाँ

रोजगारी छैन दुई छाक टार्न
गएका छन् विदेश बेची घरबार यहाँ

राष्ट्र प्रमुख नारी तर मौन किन
हुँदैछ दिनहुँ निर्मलाको बलात्कार यहाँ ।



दुर्गा बिक
हालः न्युजिल्यान्ड

मुसुक्क हाँस्दै साँझै पराएर तिमी आइछ्यौ
मेरी प्रिया म आउने खबर पाएर तिमी आइछ्यौ

खै किन हो मलाई मन पर्ने तिम्रै बदामी आँखा
त्यही आँखामा गाजल लाएर तिमी आइछ्यौ

अझै पनि माया नै लाग्छ, देखिन्छ्यौ थकानमा तिमी
यति लामो सफर किन हो धाएर तिमी आइछ्यौ

तिमी सानै थियौ छोटाछोटा घाँघर लाउँथ्यौ पहिले
खुसी लाग्यो आज त साडी र चोलो लगाएर आइछ्यौ

वर्षौं पहिले देखेको तिमीलाई निश्चल खाली थियौ
खुसी छु आज खाली सिउँदो सिन्दुरले सजाएर आइछ्यौ ।



दीप मिलन
रुपन्देही, हालः कतार

आँखाहरू नबोली संवाद गर्न थाले
लाग्यो असर हृदयमा छाती कोपर्न थाले

तिम्रो चरण परेको तन मन प्रफुल्ल बन्दै
बेरंग जिन्दगीमा नव रंग भर्न थाले

सुख्खा बगर थिएँ म थ्यो छट्पटी हृदयमा
आयौ तिमी खुसीको अब बूँद झर्न थाले

माया र प्रेम भन्नु जादूगरी रहेछ
प्यासी अधर छ पानी शिरबाट झर्न थाले

पत्थरहरू पगालूँ लेखूँ कथा म तिम्रो
राखेर चाह मनले पत्थर कोतर्न थाले ।



डा. प्रकाश जोशी
हालः न्युजिल्यान्ड

अभावमा मोति छर्दै नयाँ वर्ष आयो
मरूस्थलमा झरी झर्दै नयाँ वर्ष आयो

मान्छे उही कर्म उही आकाश के झर्ला
पुरानैमा के के भर्दै नयाँ वर्ष आयो

उछिट्टेका दाँत कैले आनार बिझे होलान्
बत्तिसैले हिँ हिँ गर्दै नयाँ वर्ष आयो

खोपडीमा पछौटेपन लुकेको त छैन
कम्मर कसी अघि सर्दै नयाँ वर्ष आयो

निराशामा बाँच्ने कला सिक्नु पर्छ भाइ
भरोसा र आशा भर्दै नयाँ वर्ष आयो

क्यै देखिन्न भन्ठानेर न मन मारौं अब
अँध्यारोमा प्रकाश छर्दै नयाँ बर्ष आयो ।



प्रदिप रूपखेती
हालः न्युजिल्यान्ड

संकल्पका बुँदाहरू केलाएर बस्छु
सपनाको रोटी बेलाएर बस्छु

मेरो चाहमा छौ तिमी, मेरो सोचमा छौ तिमी
तिम्रैबारे मनमा कुरा खेलाएर बस्छु

बेथितिका चाङहरूले पलाएका आक्रोशहरू
संयमताको पंखाले सेलाएर बस्छु



प्रमोद पाण्डेय हेरम्ब

बिसारेर सारा सहारा म आएँ
लुटाएर अस्मत नकारा म आएँ

लुकेको कुरा राख्छु तिम्रै अगाडि
असल प्रेम पाउन त प्यारा म आएँ

कराएर बादल डरायो मलाई
छहारी बनाएर न्यारा म आएँ

बचाउन सफलता नपाई म रोएँ
जलदले जलाएर खारा म आएँ

असल जिन्दगीमा ठिकाना नपाई
जलधि धारमा बेसहारा म आएँ

गई भित्र मुटु बस्छु आराम गर्दै
लिई साथ किश्ती किनारा म आएँ

गरुँ के म हेरम्ब पाउन तँलाई
सुकाएर धड्कन हजारा म आएँ ।



परिविक्रम
अन्नपूर्ण गा.पा. - ०१, नागडाँडा

रहरहरूको संहार नहोस्
भइहाले बाँच्न आधार नहोस्

कहिल्यै शत्रु बफादार नहोस्
साथी कहिल्यै गद्दार नहोस्

प्यार नबुझ्नेसँग होस् बरू प्यार
हाल नबुझ्नेसँग प्यार नहोस्

मर्न परोस् ऐयाकै भरमा
घाउ दिनेबाट स्याहार नहोस्

जुट्दा मंसिर भा थेन भने
छुट्दा पनि यार असार नहोस्

फेरि खरानी हुन जल्नुपर्छ
जलिहालेपछि त अँगार नहोस्

आउन मन होस्, समय नहोस् के
फर्किन जे होस्, हतार नहोस्

आफ्नै भव्य रहरले मार्छन्
बच्चैमा क्वै होनहार नहोस्

मऱ्यो भन्दा 'हो र' नि भन्दैनन्
मर्ने बेलामा बिमार नहोस् ।



पशुपति ढकाल
सदस्य, नेसास न्युजिल्यान्ड

जसरी नतीजामा जित वा हार आउन सक्छ
बराबर पनि त कहाँ बारम्बार आउन सक्छ

पहिला डोजर चलाउँछ गरिबको बस्ती उठाउँछ
अनि दिन्छ आश्वासन गाउँमा बजार आउन सक्छ

अवश्य मुद्दा जित्नु हुनेछ सबुत होइन पैसा जोड्नुस्
जति पैसाले न्यायाधीशलाई घर र कार आउन सक्छ

जो सयबाट लाखौं बनाउन जुवाघर हिँडिरहेछ
कहिल्यै सोचेन सयले नि खुसीहरू हजार आउन सक्छ

बिन्ती गर्छु म मरेको खबर आमालाई नसुनाई दिनुहोला
नत्र भोलि आमाछोराकै निधनको समाचार आउन सक्छ ।



बालकृष्ण अर्याल
हालः न्युजिल्यान्ड

बराल्लिरहने आफ्नो मन सम्झिन्छु
र आफूभित्रको पागलपन सम्झिन्छु

सबथोक छ तर जन्मघरको अभाव
यता बसेर उताको आँगन सम्झिन्छु

कहाँ-कहाँ फूल टेकेँ, कहाँ काँडा टेकेँ
हिजो बाँचेर आएको जीवन सम्झिन्छु

चोटहरू पाएर पनि मौन छ अचानो
चोट नपाउनेहरूको गनगन सम्झिन्छु

भुलेकी छु 'बस' दुश्मनलाई पनि
घाट जाने बाटो र कफन सम्झिन्छु ।



बि. बि. याक्खा

के के लगाउँछौं तिमीले आरोपहरू लगाए हुन्छ
मेरो सम्झनाहरू आउने भुत जति भगाए हुन्छ

हिजोआज बदनामको नयाँ पसल खुल्यो अरे
बचेको थोरै इज्जत थियो त्यो पनि मगाए हुन्छ

दुनियाँ यस्तै रहेछ मायामा नि गर्छन् मोलतोल
बस पोलिसीमा झुटो आँशु मात्रै बगाए हुन्छ

कसले बुझ्छन् यहाँ, साँच्चिकै प्रेमको अर्थ
मिल्छ भने अझै धेरै पीडा थपेर सताए हुन्छ

यो प्यारको निशानी कस्तो बस्ने रहेछ दिलैमा
बरू तिमीलाई लाने काल नि यतै पठाए हुन्छ ।



मिलान थापा
सदस्य, नेसास न्युजिल्यान्ड

आफ्नो भन्दै नजिक नजिक आउनुहुन्छ
डर लाग्छ कतै माया जालमा पो फसाउनुहुन्छ

बुझौँ उठ्न कठिन हुन्छ नजरबाट गिरेपछि
भर्याङ्बाट गिर्दा पो आमाले बचाउनुहुन्छ

मनमा आशा राख्दै निकै विश्वास गरेकी थिएँ
महोदय, अझै कति आँशु तालमा डुबाउनुहुन्छ

नसोच्नु कहिल्यै एक्लै शिखर छोएको भनी
सानासाना गोरेटाहरू बाले पनि गराउनुहुन्छ

हिजोसम्म त्यही माटो खेल्दै हुर्किएको छोराले
सहर पसेपछि भन्छ, आमा साह्रै गन्हाउनुहुन्छ ।



मोहन आचार्य
सदस्य, नेसास न्युजिल्यान्ड

कसरी रोक्छौ आइपर्ने हानिबाट
मुर्दा ब्युँझेर आयो भने खरानीबाट

पौडन नजान्ने बहानामा बेरोजगार बसियो
निकाल्नेले हिरा निकालिरहेछन् पानीबाट

यो रातजस्तै अनिदो छु म पनि
तिम्रा यादहरू ब्युँझाइरहन्छन् सिरानीबाट

तेरो सर्टिफिकेटले ऋण मात्रै थुपाऱ्यो सरकार
गुजारा चलिरहेछ बरू राहदानीबाट ।



रोमा लम्साल 'नुरा'
सप्तरी, हाल: काठमाडौं

उस्ताज  उर्वशीले अब प्रेम गर्न छोड्छन्
गुँडसँग गौंथलीले अब प्रेम गर्न छोड्छन्

टुक्रेर  झर्न  थाले  आकाशबाट  तारा
तारा  र चाँदनीले  अब प्रेम गर्न छोड्छन्

काँडाको साथ एकछिन अल्झे कतै पछ्यौरी
यी फूल  मञ्जरीले अब प्रेम गर्न छोड्छन्

छोडेर  दुई  किनारा  छुटिए  दोभानबाट
सागरसँगै  नदीले  अब प्रेम गर्न छोड्छन्

उनले  खबर  नपाए  मेरो  चिता  जलेको
कापी कलम चिठीले अब प्रेम गर्न छोड्छन् ।



डा. सुनिल ढकाल
हाल: न्युजिल्यान्ड

भो कलम कति समाउनु, अब हतियार समाउँछु
देश लुटी कमाउने, त्यो मतियार समाउँछु

कुलो मिच्यो, आली काट्यो, दाजुभाइ भन्दै
साँध मिच्न पल्केको, त्यो सधियार समाउँछु

भन्थ्यो दोस्ती अटुट छ, स्वार्थ पुरा नहुन्जेल
अँगालो हाल्दै छुरा रोप्ने, त्यो यार समाउँछु

देशको सच्चा पुत्र हुँ ! भन्थ्यो देश म बनाउँछु
तर आफ्नै आमा बेच्ने, त्यो कुलङ्गार समाउँछु

बलात्कार, भ्रष्टाचार विकृतिले आक्रान्त छ समाज
जुकासरी चुसिराख्ने, त्यो गद्दार समाउँछु ।



सुमित्रा सुमी
नुवाकोट

नपाएको छ मायाले न खाएको छ मायाले
कसैको जिन्दगी गाह्रो बनाएको छ मायाले

कसैमा लुग्लुगे जाडो कसैमा घामको तातो
दिँदै पीडा स्वयं आफैँ दुखाएको छ मायाले

उता प्रेमी बचाएको यता प्रेमी छ मारेको
अनेकौँ भाव जो आफैँ सजाएको छ मायाले

बुझाई प्रेमको मज्जा हटाई दर्द ऐठानी
बनाई ओखती राम्रो दिलाएको छ मायाले

तिमी आयौ प्रभाती भो म बाँचेको भयो राम्रो
उज्यालो भो यहाँ क्या ! गुन् लगाएको छ मायाले ।



सोम 'अनुराग' बस्नेत
हाल: पोर्चुगल

अन्धो भनेर हुत्यायो जसले ठोकिएकै कारण
मसँग आँखा थिएनन् उसलाई दिएकै कारण

सबै भेट सोचेजस्तै सुखद् कहाँ हुँदा रहेछन् र
मर्नु पऱ्यो तिर्खाले पानीसँग भेटिएकै कारण

हजुरको कैंची प्रहार पनि वरदान सिद्ध भयो
कपडा थेँ चल्तीको पोशाक बनेँ टुक्रिएकै कारण

कहिल्यै एक ठक्कर लागेन उचाई भएर पनि
मेरा बा सबैसँग समाजमा निहुरिएकै कारण

धन्न घुर्यान मै सही फाल्दिनु भो र उम्रिन पाइयो
सुकेर मर्छन् कति बिउ जतन गरिएकै कारण

ऊ सोच्छ मेरो सास मिसिएको हावा चल्छ समाजमा
किन नचलेको होला पानी मात्रै छोइएकै कारण ।

# ३. मुक्तक खण्ड



इन्द्र रेग्मी
अध्यक्ष, भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान

१.

सरसापट नचलाउनेलाई पनि पैंचो लगाउन पर्छ
अरूको नसके पनि आफूभित्रको कलुष भगाउन पर्छ
आफ्नै टाउकोमा बज्रेपछि मात्र प्रहार थाहा हुन्छ सबलाई
त्यसैले सबै बिर्सिएर अक्करमा परेकालाई सघाउन पर्छ ।

२.

थारो गाईको कचौडो भोलिएको जस्तो
चुनावी अभियानमा  हुँदा नहुँदा बोलिएको जस्तो
सजिलेसँग त कहाँ होला र गरी पुराउन साथी
छिनछिनमै भेष फेरिँदा आफैं पोल खोलिएको जस्तो ।

३.

सपनाहरू पनि धेरैधेरै बाँडनुभयो
लगाएका बाली सखापै हुने गरी फाँडनुभयो
तैपनि भन्दै हुनुहुन्छ यो गर्छु र त्यो गर्छु
लोकतन्त्र र गणतन्त्रको दोहोलो काढ्नुभयो ।



गंगा सापकोटा
सदस्य, नेसास न्युजिल्यान्ड

१.
जवानीको स्वादै मिठो, सम्झिसम्झी ओठ मुस्कुराइरहेछ
थिएन शोक चिन्ता, थियो केवल माया अझै याद आइरहेछ
अचम्म लाग्छ, गणितमा जोड घटाउको हिसाब देखेर
म जवानी सम्झिएर रोकिएँ, उमेर त नरोकी उकालो लाइरहेछ ।

२.
मिठा मिठा पल कहाँ हुँदो रहेछ र, अब १६ १७ मा जस्तो
दिदी भन्छन्, आन्टी भन्छन्, जान्छु ऐना हेर्छु लाग्छ कस्तो कस्तो
घमण्ड पनि कति लाग्थ्यो, सधैं जवानी मुठीमै लिन्छुझैँ गरी
उमेरले चाउरी पार्दा पो झस्किएँ, आखिर जिन्दगी रहेछ सपनाजस्तो ।

३.
अठिलो ज्यान रसिलो गाला, हिंडाइ उस्तै मयुरको जस्तै
आभास हुन्थ्यो म फूल तिमी भँमरा, हिड्थ्यौं मायाले अँगालो कस्दै
न हाँस्न सक्छु  खित्का छोडी न सक्छु खुलेर रून आज
जवानीसँग भेट नहुने भयो अब उमेरले नेटो काटेछ मस्तै ।



गोपालप्रसाद कँडेल
सचिव, नेसास न्युजिल्यान्ड

१.

ठूला दाइ आउनुस् बसौं, सुखका कुरा गरौंला दुःखका कुरा गरौंला
कहिले भाइका चाहना पूरा गरौंला कहिले दाइका चाहना पूरा गरौंला
सधैं रमाइले गर्न सम्भव छैन, आफ्नो आफ्नो गर्नु पऱ्यो
नाच्ने गाउने सुर गरौंला बेसुरा गरौंला ।

२.

सानोतिनो जेथाले बाँच्न गाह्रो छ काठमाडौंमा
कहिलेकाहीँ पानी आउने धारो छ काठमाडौंमा
जता गयो फोहोरमैला धुँवा धुलो उस्तै
तर पनि मान्छेको भिड साह्रो छ काठमाडौंमा ।

३.

जिन्दगीभरि तिम्रो हात समाउन मन छ
उकाली ओरालीसँगै गर्दै  रमाउन मन छ
दुनियाँ पैसा पैसा भन्दै दौडिरहेछ
बस् मलाई दुई खेस्रा खुसी कमाउन मन छ ।



युवराज भण्डारी
उपाध्यक्ष, नेसास न्युजिल्यान्ड

१.

उमेर बिर्सिन्छु, म आफैँलाई जवान सम्झिन्छु
घुट्टी घुट्ट निल्नुपर्छ, आफैँलाई बलवान् सम्झिन्छु
समस्या नहुन्जेल बिन्दास जंगलको बाघजस्तो
मान्छे न हुँ, समस्या पर्छ तब भगवान् सम्झिन्छु

२.

सामुन्नेमा हुँदाखेर लरक्कै पार्ने भेटिन्छन्
पछाडिबाट खुट्टा तान्दै तल झार्ने भेटिन्छन्
छोड्नुस् झटपट भरोसा गर्ने बानी हजुर
वाचा गरेर अत्तोपर्दा हाँसेर टार्ने भेटिन्छन्

३.

घर धितो राखी विदेस आएँ, फर्की आऊँ कसो गरी
जागिर त्यति राम्रो छैन, धन कमाऊँ कसो गरी
सन्तानको भाग्य निश्चित गर्न हामी टाढा हुनुपर्यो
तिम्रो उदास चेहरा देख्दा, मन बुझाऊँ कसो गरी ।



नमिता दवाडी
उपाध्यक्ष, नेसास न्युजिल्यान्ड

१.
डर लागिरहन्छ, कहाँ कुन बाटोमा मर्नुपर्छ
मन कल्पिन्छ, मर्न त आफ्नै माटोमा मर्नुपर्छ
हुनु पर्ने भन्दा भयानक हुन्छ मृत्यु परदेशमा
सजिलै आँखा चिम्लिन आफ्नै पाटोमा मर्नु पर्छ ।

२.
सिन्दुर बनेर शिरमा, मृदुल बनेर छातीमा तिमी छौ
मिठो घाम बनेर दिनमा, जून बनेर रातीमा तिमी छौ
मन र जीवनमा तिमी नपुगेको कुनै ठाउँ छैन प्रियतम
जीवन उत्सवमा छरिने, टागिने फूलपातीमा तिमी छौ ।

३.
न आफूले चाहेर जिन्दगीमा भित्रिन्छ जिन्दगी
न चाहेर नै बाँसको डोलीमा अन्मिन्छ जिन्दगी
चुपचाप झेलेर आफ्नो भागको केही बर्खाहरू
शून्यतामा खै कता कता बतासिन्छ जिन्दगी ।



विनिता थापा
सदस्य, नेसास न्युजिल्यान्ड

१.
हाँसो नै हाँसोमा कसैको मन चसक्क दुखाउन सक्ने भए
मनमा भएका कयौं भावहरू यदि लुकाउन सक्ने भए
लेनदेन त व्यापारमा हुन्छ, मान्छे साँच्चिकै महान् हुन्थे होला
यदि लगाएको गुन पनि चुकाउन सक्ने भए ।

२.
चामलको मूल्यमा पनि गिरावट आउँछ घुन लागेपछि
तरकारीको स्वादको पहिचान तब हुन्छ नुन लागेपछि
मनबाट माया हुनुपर्छ पराइ पनि आफ्नै लाग्छ
किनकि त्यो रात पनि असाध्यै सुन्दर लाग्छ जून लागेपछि ।

३.
तिमीलाई अँगालेर एकैक्षण जोडजोडले रून सक्ने भए
प्रेम अमर कहिल्यै हुने थिएन एकै साथ हुन सक्ने भए
गुनासो केमा गर्छौ ? जलेर जाने शरीरसँग या यो मनसँग
प्रेम त तब पूरा हुन्छ जब लाश हुँदा छुन सक्ने भए ।

# लघुकथा खण्ड

# बाँझोपन



संजय शान्ति सुवेदी
पूर्व अध्यक्ष, नेसास न्युजिल्यान्ड

काखको एउटा छोरो र हुर्कँदै गरेका दुई छोरा छोडेर श्रीमती पोइला गएपछि कार्की दाइले दोस्रो बिहे गरे । सानैदेखि स्नेहपूर्ण भाव र ममताले हुर्काएकी कर्किनीले कहिल्यै पनि सौताको प्रतिबिम्ब सन्तानमा पर्न दिइनन् । आफूले बिहे नगरिञ्जेल छोराहरू पनि आमालाई माया गरिरहे ।

घरमा बुहारी भित्रिएपछि धेरै कुराहरू सुनिए । छुट्टिभिन्नका कुरा उठे । कुरो कहिले सेलाउँथ्यो, कहिले चर्को बन्थ्यो । एक दिन समाजै बटुल्नपर्ने स्थिति समेत निस्क्यो ।

अंशबण्डाका दिन जेठी बुहारी चिप्ले कुरा गर्दै थिइन् । त्यतिनै बेला अलिक अगाडि आएर माइलीले बोली, प्रशववेदना नभोगेका आइमाईलाई के थाहा ! कञ्चटमा हात लगाएर बसेका कार्कीको समीपमै बसेकी कर्किनी छाँगाबाट खसेजस्तै भइन् । उनले थुक घुटुक्क निल्दै भनिन्, तिमीहरूले प्रशव पीडा त बुझेछौ तर बाँझो हुनुको पीडा बुझ्न सकेनौ ।

# विवाद



श्रीधर बस्न्यात
सल्लाहकार, नेसास न्युजिल्यान्ड

दुई जना मिल्ने साथी थिए बाल्यकालदेखि नै सुदन र राजेश । सधैँ दुई जना घुम्न हिंड्ने गर्थे । कतै जाँदा र केही उत्सव पर्वमा पनि एकले अर्कोलाई सम्झने चलन थियो पारिवारिक रूपमा पनि । बिदाको दिन पर्यो कि मन्दिर जाने गर्दथे सँगसँगै । सुदन देवताप्रति अत्यन्तै आस्था राख्थ्यो भने राजेश मानवीय समवेदनाको मात्र ख्याल राख्थ्यो । सुदन देवी देवताको मन्दिर घुम्थ्यो र फूल प्रसाद लिएर घर फर्कन्थयो । राजेश आक्कल झुक्कल मात्र मन्दिर पस्थ्यो, भित्र गए पनि मन्दिर बाहिरबाट नै नमस्कार गरी फर्कन्थ्यो ।

मान्छेको आवरणमा एकरूपता भए पनि प्रत्येकको सोचाइ, धारणा, काम गर्ने तौरतरिका अनि क्रियाकलाप फरक–फरक हुनु अस्वाभाविक होइन । तर सँगसँगैका दौँतरीबीच आस्थाको विषयमा यति फरक हुनु चाहिँ अनौठो थियो । सँगै जाँदा सुदन मन्दिरभित्र पस्थ्यो भने राजेश मन्दिर

वरिपरिका दीनदु:खीको हालखबर बुझ्नपट्टि लाग्थ्यो, फेरि एकै ठाउमा भेट गरी सँगै घर आउँथे । एकै कक्षादेखि नै सँगै पढेका ती मित्रहरू दुवैलाई महाकवि देवकोटाको यात्री कविताको अन्तिम हरफ मनपर्थ्यो, मलम लगाऊ आर्तहरूको चहऱ्याइरहेको घाउ, मानिसहरू भै  ईश्वरको त्यो दिव्य मुहार हँसाऊ ।  सुदनले मन्दिर बाहिर फूल प्रसाद किन्थ्यो भगवान्लाई चढाउन भने राजेशले बिस्कुट चाउचाउका पोका किन्थ्यो, गरीब-दु:खीलाई दिनका लागि । फूल किन किनेको र बिस्कुट किन किनेको भनेर कहिले पनि एकअर्कामा प्रश्न र विवाद हुँदैनथ्यो । त्यो आस्थाको विषय भएको हुँदा एकअर्कामा आस्थाको कदर थियो । विचार र आस्थाका विषयमा फरक-फरक धारणा हुँदैमा मन मिल्दैन विवाद नै गर्नु पर्छ भन्ने कुरामा यी दुईको मिल्तीले झुटो साबित गरेको थियो । तर बिडम्बना के भने, यति पृथक् पृथक् धारणा हुँदा पनि यी दुईका बीचमा यति साह्रो प्रगाढ मेलमिलाप कसरी भयो भन्ने विषयमा चाहिँ चिया पसलमा निकै विवाद हुन्थ्यो।

# हुरी बतास

तीर्थमान र शोभा घर जम गरेर बसेको पाँच वर्ष भएको थियो । उनीहरू बीच एउटी राम्री छोरी सुम्निमा पनि थिई, चार वर्षकी । छोरी हुर्कंदै गएअनुसार उनको पढाइ लेखाइको चिन्तामा यी दुईबीच सोच विचार भैरहन्थ्यो । शोभा आँटिली थिई । जोखिम मोलेरै भए पनि केही गर्नुपर्छ भन्ने सोच थियो उनको । तीर्थमानमा केही गर्न खोज्दा लगानी डुब्यो भने के गर्ने भन्ने डर थियो । जे होस्, घर बैंकमा राखेर र शोभाको गरगहना बेचेर उनीहरूले कुखुरा पाल्ने निधो गरे र एक तले घरको माथि जस्ताको छाना हाल्र तीन सय कुखुराका चल्ला पाल्न सुरू गरे ।

एक दिन झमक्क साँझ परेपछि हुरी बतास चल्न सुरू गऱ्यो । शोभा र सुम्निमा सुतिहाले । हुरी बतास झन् जोड जोडले चल्न थाल्यो । कहीँ कतै घरको छानो त उडाउने होइन ? तीर्थमानको मनमा डर पस्यो। अब रोकिएला कि भन्दै एक एक छिनमा झ्यालको नजिकै गएर चियाउँदै बाहिर हेर्थ्यो तीर्थमान तर थामिने त नामै छैन । नजिकैका रूखका हाँगा पनि भाँचिएर उडाउन थाल्यो । कुखुराका चल्ला च्याँ च्याँ गर्दै कराउँदै थिए । तिनीहरूको क्रन्दनसँगै तीर्थमानको मन पनि भित्रभित्रै मडारिरहेको थियो बाहिरको हावाजस्तै ।

जति जति रात बित्यो, उति उति उसको मन अस्थिर हुँदै गयो । हावा हुरीले जस्तामा हानेर निकालेको आवाज

सँगै । हुरीले सबै चल्ला उडायो भने मेरो के हाल होला ? ऊ चिन्तित हुँदै ओछ्यानमा पल्ट्यो । यसैबीच अकस्मात हुरी बतासको बीच एउटा ठुलै ढ्वांग आवाज आयो । तर त्यसपछि एकदम शान्ति छायो । यसो आधा उठेर वरिपरि हेऱ्यो । श्रीमती शोभा र छोरी सुम्निमा मस्त निद्रामा थिए । त्यसपछि कतै केही चालचुल सुनिएन । एक गिलास पानी पिएर ऊ पनि पल्ट्यो, सुत्नका लागि । कता कता उसको घरको पारि गाउँतिर हल्लाखल्ला भएजस्तो सुनिएको थियो । रातभर निद्रा पर्ने कुरै भएन । मनमा कुरा खेलिरह्यो ।

बिहानीपख झपक्क निद्रा पऱ्यो । अबेरसम्म तन्द्रामै हुँदा छिमेकीहरू, साथीहरू आफ्नो आँगनमा वरिपरि भेला भएको देख्यो र पर कतै नेपथ्यबाट एउटा बालकले बोलेको, 'ए यो घरको छाना त हुरीले उडाएछ,' कानमा परेजस्तो भयो ।

ऊ झसङ्ग भएर उठ्यो । उसको ओठमुख सुकेको थियो । एकातिर घर बैंकमा धितो राखेर ऋण लिएको, अर्कोतिर श्रीमतीको गहना बेचेको पैसा सबै यो कुखुरा व्यवसायमा खन्याएको थियो । उसले त्यो व्यवसाय गर्न सल्लाह दिने साथीहरू, बैंकमा ऋण दिने म्यानेजर सबैलाई मनमनै गाली गर्न थाल्यो । श्रीमती र छोरी सुतिरहेकै थिए । एकछिनसम्म उनीहरूको अनुहार हेरिरह्यो । अनि जुरूक्क उठेर कुखुरा हेर्न धरमर मन बोकेर माथि उक्ल्यो । धन्न केही भएको रहेनछ । कुखुरा जस्ताको त्यस्तै देखेर ढुक्क त भयो तर मन शान्त भएन । व्यवसाय भनेको हुरी बतासजस्तै रैछ भन्ने ठान्यो उसले । एकाबिहानै अनुहारमा आएको पसिना

पुछ्दै कुखुरा व्यवसायले थोरै समयपछि फाइदा दिने भए तापनि तुरून्त बेच्ने मनसाय बनायो । उसकी श्रीमती शोभा भने बेच्ने पक्षमा थिइनन्, 'गरेको व्यवसाय किन बेच्नु ?' उनी नबेच्ने पक्षमा दृढ थिइन् ।

उनीभित्र केही गर्ने दह्रो आँट थियो तर त्यो आँटलाई तीर्थमानभित्र पसेको हुरी बतासको त्रासले हल्लाइदियो। त्यस दिनदेखि उसको घरमा लोग्ने-स्वास्नीको बीच पनि व्यवसाय गर्ने कुरालाई लिएर मनमुटावको हुरीबतास शुरू भयो।

# मानसिकता



टुकादेवी पौडेल
तनहुँ

देशकै नामुद पत्रकारको रहस्यमय मृत्यु भयो । नाम चलेका पत्रपत्रिकाले मुख्य समाचारका रूपमा अग्र पृष्ठमा समाचार छापे । तमाम जनता पत्रकारको मृत्युमा दुःखी भए । सामाजिक सञ्जाल र टिकटकजस्ता मनोरञ्जनात्मक सञ्जालहरूमा पनि सनसनी हुन थाल्यो । खबर सुन्ने जति सबैले केही न केही अड्कलबाजी लगाए । आफ्ना अड्कललाई सञ्जालमा व्यक्त गरे । निजका समर्थकहरू सडकमा उत्रिए ।

हत्याराको खोजी गर, अपराधीलाई दण्ड दे, नालायक सरकार राजिनामा दे, देशका नाम चलेका सहरका चोकचोकमा विरोधसभा सम्पन्न गरियो ।

प्रहरीले मृत्युको कारणहरूबारे मृतकका परिवारका सदस्यहरूसित मिहिन सोधखोज गर्‍यो । घटनाको प्रकृति र अनुसन्धानबाट आत्महत्या नै भन्ने टुङ्गो लाग्यो । निजकी पत्नी मृत्यु संस्कारमा थिइन् ।

'ममी, ममी, हेर्नुस् न, बाबाको ह्यान्ड राइटिङ । मैले

डस्टबिनमा भेट्टाएको,' छोरोले चिर्कटो देखाउँदै भन्यो ।

घरमा सान्त्वना दिन आएका आफन्तजनको बालकतिर ध्यान केन्द्रित भयो । बालकको हातमा भएको एउटा चिर्कटो एकजना आफन्तले चिठीको व्यहोरा पढ्न थाले ।

'मलाई जीवनमा सफलता नमिलेको होइन। नपुग्दो पनि केही थिएन । म र मेरो व्यक्तित्वबाट प्रभावित हुनुहुने सबै पाठक र दर्शकप्रति नमन टक्र्याउँछु । मैले जीवनमा जे जति सफलता प्राप्त गरेँ, यो सबै तपाईँहरूको माया र सद्भावकै कारण सम्भव भएको हो । म सधैं हाँसेर बोलेर खुसी साट्दै हिंड्ने मान्छे । साँच्चै भन्नुपर्दा मेरो अनुहारमा झल्केको खुसीको कारण पनि ईश्वररूपी मेरा पाठक तथा दर्शकले मभित्रको छट्पटी र पीडाको अनुमान लगाउनसमेत सक्नुहुन्न । विगत चार वर्षदेखिको मेरो अन्तर्पीडाले मलाई धेरै डस्न थाल्यो । जब उनी त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर उत्तीर्ण गरी कलेजमा प्राध्यापक बनिन्, तब मेरो अन्तस्करणमा छुट्टै ऐंठन हुन थाल्यो । प्राध्यापनको डेढ वर्षमै उनी क्याम्पस प्रमुख बनिन् । मेरो क्रेज पत्रकारितामा उत्तिकै बढ्दै थियो । उनी पनि आफ्नो पेशामा व्यस्त हुन थालिन् । बिस्तारै हाम्रो पारिवारिक दूरी बढेको महसुस हुन थाल्यो मलाई । एकातिर पत्रकारितामा मेरो क्रेज अर्कोतर्फ उनको विद्वताको चर्कंदो गुणगान, सबै साथीभाइ वाहवाही गर्थे तर साथीभाइको वाहवाहीमा मेरो मन झन् कुँडिन थाल्यो । अन्ततः मलाई उनका सबै हाउभाउप्रति ईर्ष्या लाग्न थाल्यो । तर मैले दैनिकीमा कुनै परिवर्तन गरिनँ । उनले म दुखेको सुइँकोसमेत पाइनन्, आज मैले यो निर्णय लिएँ । म चाहन्नँ उनको मनमा कुनै चोट पुगोस् ।'

# पर्खाइ



डा. लेखनाथ काफ्ले
हालः ताइवान

साइँलाको गाउँ पनि काम्यो । उसको घरको गारो गयो । गाउँको धारो गयो । चौरमाझको चौतारो गयो । उसको सानो भकारीमा भरेको चारो गयो । देशी–विदेशी मनकारीहरूको मन पग्लियो । उसको पनि भागमा पर्ने गरी सहरमा राहतका जहाजहरू आए । चामल, दाल आए । नून, तेल आए । पुरिया बिस्कुट, पोका चाउचाउ, दबाई, भिटामिन आए । अनुदान आए । चन्दा सहयोग आए । लत्ताकपडा आए । त्रिपाल, जस्तापाता आए ।

भूकम्प त साँच्चै आएको थियो तर साइँलाको गाउँमा सहयोग आएको झूठो समाचार मात्रै आयो । राहत बाँडे को खबर मात्रै आयो । गाउँमा सबै भोकै थिए । सबै नांगै थिए । सबै बेघरबार नै थिए । कसैले पनि पत्तो पाएनन् । कसले बाँड्यो, कसले पायो, कसैलाई थाहै भएन । ती राहत, सहयोगहरू सबै भूकम्पजस्तै आए र पराकम्पजस्तै हल्लामा

आइरहे भूकम्प गएको वर्षौंसम्म पनि ।

बाटो बिग्रेर हो कि ? बाटो अप्ठ्यारो भएर हो ? टाढा भएर हो कि ? मोटर बिग्रेर हो ? नेताले गाउँ बिर्सेर हो कि ! साइँलासम्म उसको हिस्साको राहत कहिल्यै आई पुगेन । ठेगानमा उसको नाम भएन र पो कि ? वा उसको नाम भएको कतै ठेगान नभएर हो ? मतदाताको नाम त नेताले बनाइदिएकै थिए । ऊ अलमलमा छ ।

भूकम्पको धक्का नबिर्सिँदै संविधान बनाउने झमेला आयो । गाउँको धाराभन्दा संविधानको धारा ठूला । घरको छानो भन्दा संविधानको पानो ठूलो । तै तै नयाँ संविधान बन्ने पक्का भयो । नयाँ नेपाल बन्ने पक्का भयो । उसको जीवनको आशा फेरि पलायो । उसलाई लाग्यो, अब जाडोमा काम्नु पर्दैन । भोकमा माग्नु पर्दैन । वर्षामा जाग्नु पर्दैन । बाँच्ने आशामा आफ्नो गाउँघर छाडेर अन्त कतै भाग्नु पर्दैन ।

त्यत्तिकैमा, किन हो कुन्नी नाकाबन्दी भयो । देश, गाउँ सहरको गति मन्द भयो । मधेस–पहाड द्वन्द्व भयो । सुतेको राष्ट्रवाद उठ्यो । सुस्ताएको जातिवाद जाग्यो । मधेस पहाडको दूरी टाढा भयो । मधुरो क्षेत्रीयता गाढा भयो । जिन्दावाद, मुर्दावादमा मान्छे जुटे । मधेस पहाडका नाउँमा जनता फुटे । विश्वव्यापीकरणको युगमा केही मान्छेहरूलाई सानो घेरा प्रिय भयो । नेता जनता लडाउन लागे, जनता भिडाउन लागे । बन्दले खानेतेल आएन, मट्टीतेल आएन । दबाई आएन, मल र बीउ आएन । चिनी र प्याज आएन । महँगी आयो, अस्तव्यस्तता आयो ।

साइँलाको गाउँसम्म नपुगेको सहयोगलाई अर्को राम्रो बहाना मिल्यो । दान, अनुदान दुरूपयोग गर्नेहरूको चाहना मिल्यो । तैपनि उसलाई सानो गाउँको भन्दा देशको समस्या ठूलो लाग्यो । साइँलालाई ज्ञान आयो । आफूभन्दा देशै पो ठूलो हो भान भयो । देशको मायाले साइँलाले मन बुझायो । फेरि उसले आफ्नो गाँस, बास, कपासलाई बिर्सियो । देशको चिन्ताले आफ्नो चित्त बुझायो । साइँलाको सानो झुपडीको दुःखभन्दा देशको दुःख ठूलो भयो ।

कता के कसो भयो कुन्नी, नाका खुल्यो । साइँलाले पनि फेरि नाना, छाना र खानाको सपना देख्यो ।

सपना देख्दादेख्दै चुनाउ पो आयो ! नेता गाउँ पस्यो । कार्यकर्ता गाउँ पस्यो । सहर गाउँ पस्यो । झण्डा आयो । भोजभतेर आयो । बाजागाजा, गाना बजानाको रमाइलो आयो । दुई छाक भात आयो । एकसरो लुगा आयो ।

दुई मैने मेला सकियो । रमझमको खेल सकियो । नेता कार्यकर्ताको भेल सकियो । जित्नेको जात्रा भयो । हार्नेको गाईजात्रा भयो । साइँलालाई कसैको हार वा जीतसँग लिनुदिनु केही थिएन । बाह्रै मैना चुनाव भैदिए उसलाई जीविकाको चिन्ता हुँदैनथ्यो । चुनाव सकिएकोमा उसलाई त्यसैको चिन्ता थियो ।

हिजोसम्मको रमाइलोबाट आज ऊ फेरि भत्केको चौतारोमै आइपुग्यो । तैपनि उसका जीवनप्रतिको आशा बाँकी छन् । अझै धेरै बाँच्ने अभिलाषा बाँकी छन् । सायद उसले जीवनमा भोग्नुपर्ने दुःखका रासहरू पनि बाँकी छन् ।

साइँलाको जीवन मधुर मधुर चल्दै थियो । यत्तिकैमा महामारीको हुन्डरी आयो । सहर, गाउँ र संसारभरि आयो । मान्छेले मान्छे छुन नहुने । आफ्ना मान्छेकै पनि नजिक हुन नहुने । उसको जीविका चलाउने गाउँको हलो कोदालो रोकियो । गाईबस्तु, खेतीपातीको मेलो रोकियो । बाहिर जानु हुँदैन भन्छन् । उसको झुपडीमा भित्र भन्ने ठाउँ नै छैन । बस्ने ठेगान ठाम छैन । गर्ने काम छैन । गोजीमा रूपैयाँ पैसा दाम छैन । केही नहुँदा पेट भर्ने तीउन, दाल, चामल, माम छैन । जंगलका बिरूवा कन्दमुल बाँकी छन् । बेसीको सानो खोलामा भुरा माछा र गंगटा बाँकी छन् । संसारैलाई महामारीको सैतानले छोपेको बेला आफ्नो मात्रै सुर्ता किन भनेर साइँला बेसुर्ता भयो ।

हिजो फेरि खबर सुन्यो । नयाँ चुनाव आएको छ । फेरि दुई मैने बन्दोबस्ती भाको छ । साइँला फेरि झण्डा भयो, डण्डा भयो । भोट भयो, नोट भयो । उसको वरिपरिका सबै परिस्थिति आफैँलाई सिस्नो थियो तर पनि ऊ बाठालाई माथि पुऱ्याउने लिस्नो भयो । यो लिस्नो मक्काउँदो छ । धमिराले खोक्रो पारेको मुढोजस्तो ज्यान, रोग, शोक, अभाव र दुःखले जीर्ण छ । माथि पुग्नेले लिस्नो बिर्से । उसका दुःखहरू झन् झन् थपिइरहेका छन् । तैपनि आशाको धिपधिपाउँदो दीयो जगाउँदै साइँला एक्लो मुढोजस्तै फेरि अर्को भूकम्प, संविधान, नाकाबन्दी, चुनाव र महामारी पर्खिरहेको छ । कहिले ढल्ने हो थाहा छैन । देशमा केही जेठाहरूलाई भने यी भूकम्प, संविधान, नाकाबन्दी, चुनाव र महामारीले नयाँ नयाँ सुविधा थपिरहेका छन् ।

# हाइकु खण्ड

# पशुपति कर्माचार्यका हाइकु



१.
राजस्व थोरै
कसरी धान्छ खर्च
मुर्छित अर्थ

२.
नेताले बिर्से
चप्पले योग बोध
महल शान

३.
यौन कर्मी त
अपराधी होइनन्
बाध्यता आँसु

४.
सगरमाथा
देशको गहनामा
माफिया जाल

५.

शर्णार्थी पीडा
सबैतिर पठाई
क्रान्ति मेटियो

६.

कालापानीमा
गति लिन सकेन
भ्रष्ट जमात

७.

सुकुम्बासी त
किनबेचमा संलग्न
कुरूप बस्ती

८.

निर्वाचनमा
भोट पैसाले साटे
पुरानै चाल

९.

सुन्दर फूल
सुवास छरेर यहाँ
माहुरी डाक्छ

*(श्री कर्माचार्य नेसासका संस्थापक अध्यक्ष हुनुहुन्छ ।)*

# वीरेन्द्र केसीका हाइकु



१.
त्यै भुसिल्कीरा
गतिशील मोहक
पुतली बन्छ

२.
असला सम्झी
हुर्कायौं चेपागाडा
पाल्नु न फाल्नु

३.
जो जलाउँछ
उसैलाई ऊ खान्छ
चुरोटको ठुटो

४.
आफ्नै सलाई
आफ्नै घर जलाई
बेच्दै खरानी

५.
ठूलो भिडमा
अनौठा आश्वासन
चुनावी नेता

६.
झुठा कुरामै
तालीहरूको वर्षा
राजनीति रे

७.
स्यालको राज
चिडियाभित्र बाघ
दुष्टको नाच

८.
चर्को घाममा
किसानको पसिना
हाम्रो रासन

९.
उनी आइन्
मेरो जीवनमा
ऐना हटाएँ